पृष्ठ ६ मा


जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २३ • अंक १६ • २०७७ साल जेठ २२ गते बिहिवार (4 June, Thursday, 2020) • मूल्य रु. ५।-




## कोरोना संक्रमित २३०० पुग्यो, ९ को मृत्यु

# होम आइसोलेशनका लागि गाइडलाइन जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा बुधवार थप १ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गरेकोछ ।कोरोना भाइरसको कारण मृत्यु हुनेको संख्या अब ९ पुगेकोछ । दोलखाका ७६ वर्षीय पुरुषको त्रिविवि शिक्षण अस्पतालमा बुधवार मृत्यु भएको मन्त्रालयका प्रवक्ता डा. देवकोटाले बताए।

प्रवक्ता विकास देवकोटाका अनुसार बुधवार थप २ सय १ जनामा सङ्क्रमण पुष्टि भएकोछ । योसँगै अब नेपालमा सङ्क्रमितको कुल संख्या २ हजार ३ सय पुगेको प्रवक्ता देवकोटाले जनाए।

सङ्क्रमितमध्ये ९ जनाको मृत्यु भइसकेको छ ।थपिएका संक्रमितहरु मध्ये १ सय ७९ जना पुरुष र २२ जना महिला छन् ।मंगलवार संक्रमितको कुल संख्या २ हजार ९९ रहेको थियो।

संक्रमितमध्ये हालसम्म २ सय ७८ जना उपचारपछि निको भएका छन् । बुधवार १२ जना डिस्चार्ज भएसँगै निको हुनेको संख्या २ सय ७८ पुगेको हो।

प्रवक्ता डा देवकोटाका अनुसार हालसम्म देशका ६४ जिल्लामा कोरोना भाइरस संक्रमण देखिएको छ । तेह्रथुम, ताप्लेजुङ र पाँचथरमा संक्रमित भेटिएसँगै संक्रमण फैलिएको जिल्लाको संख्या ६४ पुगेको छ।

कोरोनाको आशंकामा गत २४ घण्टामा ४ हजार ९ सय २४ जनाको पिसिआरबाट नमूना परीक्षण भएको मन्त्रालयले जनाएकोछ।

नेपालमा हालसम्म २ लाख ६ सय ४६ जनाको कोरोना परीक्षण भएको मन्त्रालयले जनाएको छ। ८० हजार २ सय ६७ जनाको पिसिआर र १ लाख २० हजार ३ सय ७९ जनाको आरडिटिविधिबाट परीक्षण भएको मन्त्रालयका प्रवक्ता देवकोटाले बताए । मन्त्रालयका अनुसार मुलुकभर हाल १ लाख ५५ हजार ८ सय ६८ जनालाई क्वारेन्टाइनमा राखिएको छ।

कर्णाली प्रदेशमा थप १६ जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको अधिकारीहरुले बताएका छन्।प्रदेश अस्पताल र पशुपन्छी अन्वेषण प्रयोगशाला तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा गरिएको परीक्षणमा सल्यान, दैलेख र कालीकोटका १६ जनामा सङ्क्रमण पुष्टि भएको प्रदेशको स्वास्थ्य सेवा महाशाखा प्रमुख डा. लक्ष्मीनारायण तिवारीले जनाए।

थप सङ्क्रमितमध्ये कालीकोटका महावै गाउँपालिका वडा नम्बर ४ का ४ महिने बालकपनि रहेको बताइएको छ। क्वारेन्टाइन र आइसोलेशनको व्यवस्थापन गर्न गंभीर चुनौती देखिएपछि स्वास्थ्य मन्त्रालयले नयाँ गाइडलाईन जारीगर्दै घरमै आइसोलेशनमा रहन सक्ने व्यवस्था गरेकोछ।

> **होम आइसोलेशनका लागि हावादार तथा पर्याप्त प्रकाश आउने छुट्टै कोठा राख्ने, उपचार अवधिभर बाहिर ननिस्कने र आवश्यक सामग्री परिवारका सदस्यहरुमार्फत मगाउने, खानपिनमा सावधानी, दिनमा तीन पटक ज्वरो जाँच गर्नेलगायत छन् ।**

स्वास्थ्य मन्त्रालयले बुधवार सार्वजनिक गरेको होमआइसोलेशन सम्बन्धी नयाँ 'गाइडलाईन'का अनुसार कोरोना भाइरसको लक्षण नदेखिएका र कम देखिएका कोरोना भाइरस (कोभिड-१९) का संक्रमित घरमै आइसोलेसनमा बस्न सक्ने छन्।

मन्त्रालयले होम आइसोलेसनका लागि बनाएको मापदण्ड अनुसार अब कसैको कोरोना परीक्षण नतिजा पोजेटिभ आएमा लक्षण नभएका (एसिम्प्योयाटिक), हल्का (माइल्ड), मध्यम (मोडरेटेड), गम्भीर (सेभियर) र नाजुक (क्रिटिकल) के हो भनेर यकिन गर्नुपर्छ ।लक्षण नभएका र हल्का लक्षण भएकाहरू घरमै आइसोलेसनमा बस्न मन्त्रालयले जारी गरेको गाइडलाइनको पूर्ण पालना गर्नुपर्नेछ।

होम आइसोलेशनका लागि हावादार तथा पर्याप्त प्रकाश आउने छुट्टै कोठा राख्ने, उपचार अवधिभर बाहिर ननिस्कने र आवश्यक सामग्री परिवारका सदस्यहरुमार्फत मगाउने, खानपिनमा सावधानी, दिनमा तीन पटक ज्वरो जाँच गर्नेलगायत छन्।

आइसोलेशनमाबसेकाहरूमध्ये लक्षण नदेखिएकाहरू १४ दिनपछि समान्य अवस्थामा फर्कनेछन् । हल्का लक्षण देखिएकाहरू १४ दिनपछि लक्षण निको भएको तीन दिनपछि आइसोलेशनबाट निस्कन सक्नेछन् । यसका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीले अनिवार्य रुपमा प्रमाणीकरण गर्नुपर्ने गाइडलाइनमा उल्लेखछ।

# राजपुरको मदरसा क्वारेन्टिनमा स्वास्थ्यकर्मीहरु पिटिए

**राकेश यादव**

गौर ।रौतहट जिल्लाको राजपुर नगरपालिका-९ स्थित बैरियास्थित ठूलो मदरसा क्वारेन्टिनमा बुधवार २ जना स्वास्थ्यकर्मीहरु कुटिएका छन्।

पीसीआर रिर्पोट निगेटिव आएकाहरुको आरडीटी टेस्ट गरेर घर पठाउन जाँच सुरु गरेका स्वास्थ्यकर्मीहरुको बिरोधगर्दै आक्रमण गरिएको राजपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुरले जनाए।

'क्वारेन्टाइनमा रहेकाहरु मध्ये ६४ जनाको रिर्पोट पोजिटिव आएको थियो' उनले भने, २ सय ९ मध्ये बाँकी रहेकाहरुलाई आरडीटी टेस्टगरि घर फर्काउने सहमति अनुसार जाँच गर्न लागेका स्वास्थ्यकर्मीहरुमाथि संघातिक आक्रमण भयो ।आक्रमणमापरि सिनियर अहेव खुर्सीद आलम र रामनरेश साह घाइते भएको ठाकुरले जनाए ।आक्रमणबाट आलमको टाउको



फुटेको छ । उनको स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको बताइएकोछ।

निगेटिव रिर्पोट आएका १ सय ४५ जनापनि आरडीटी टेस्न नै नगराइ घर फर्कन खोजेका थिए ।तर उनीहरुको आरडीटी टेस्ट गर्ने भनिएपछि उनीहरुले स्वास्थ्यकर्मीमाथि आक्रमण गरिएको थियो । स्वास्थ्यकर्मीहरुले प्रारम्भमा गरेको २० जनाको आरडीटी टेस्ट मध्ये १० जनाको पोजिटिव आएको ठाकुरले जनाए ।उनीहरुको पोजिटिव भएपछि अन्यले जाँच नगराई नै घर फर्किने प्रयासगर्न स्वास्थ्यकर्मीहरुमाथि आक्रमण गरेको उनले बताए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी भरत श्रेष्ठले जनाए अनुसार स्वास्थ्यकर्मीहरुमाथि आक्रमण गर्ने ३ जनाको पहिचान भइसकेकोछ ।उनीहरुलाई क्वारेन्टिनमा नै निगरानीमा राखिएकोछ ।घाइते भएका स्वास्थ्यकर्मीहरुबाट निवेदन लिएर उनीहरुमाथि कार्वाही थालिने डीएसपी श्रेष्ठले जनाए।

क्वारेन्टिनमा बसेकाहरूको आरडीटी परीक्षणका लागि जिल्लाबाट तीन जना स्वास्थ्यकर्मीसहित ९ जनाको टोली खटिएको थियो ।यसअघि इशनाथको जोकहामा रहेको क्वारेन्टाइनमा पनि स्वास्थ्यकर्मीलाई कुटपिट गरिएको थियो।






# 'काम न काजको प्रदेश २ सरकार'

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ को प्रदेश सभा बैठकको चौथो अधिवेशन बुधबारदेखि प्रारम्भ भएको छ । अधिवेशनको पहिलो बैठकलाई सम्बोधनगर्दै सत्ता पक्षले आफू काम गरिरहेको बताएका छन् ।तर विपक्षी दलका नेताहरुले सरकार अहिले पनि आफ्नै तालमा हिँडिरहेको आरोप लगाएका छन्।

बैठकमा प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका नेता सत्यनारायण मण्डलले कोरोना महामारीको समयमा सरकारले गरिरहेको गतिविधीबारे आफूसहित सांसदलाई जानकारी नभएको बताए । 'कोरोना महामारीको समयमापनि आफूहरुसँग कुनै किसिमको सरसल्लाह सरकारले गरेको छैन्' उनले भने, नीति तथा कार्यक्रम एवं बजेट ल्याउने तयारी गरिएपनि कुनै किसिमको छलफल भएको छैन्।

लकडाउनको समयमा विपन्नलाई मनमानी तरिकाले बितरण गरिएको उनले आरोप लगाए । 'कुनै वडामा ६० जनाका लागि त कुनै वडामा ६५ जनाका लागि राहत पठाइएको छ' उनले भने, त्यहीं कारण धेरै वडाले राहत लिएको छैन ।'नेता मण्डलले यो महामारीको समयमा पनि सरकारलाई गल्ती सच्याएर एकढिक्का भई अघि बढ्न आग्रह गरे।

विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता रामसरोज यादवले प्रदेश सरकार काम न



काजको भएको टिप्पणी गरे। कोरोना संक्रमित बढ्दै जाँदा सरकार के गरिरहेका छन् ? भनी प्रश्न गर्दै उनले सरकार मात्र बहाना बनाउन सिकेको बताए।

बैठकलाई सम्बोधनगर्दै प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारीबिरुद्ध लड्न प्रदेश सरकारले कुनै कसर बाँकी नराखेको दावी गरे । प्रदेशमा भिटिएम र किटको अभावको कारण धेरै व्यक्तिको परीक्षण अहिलेसम्मगर्न नसकिएको स्वीकार्दै उनले भने, संघीय सरकारले कुनै किसिमको सहयोग गरेकोछैन् ।

प्रदेशमा निर्माण गरिएको क्वारेन्टाइन धेरै नै अव्यवस्थित रहेको बताउँदै अव्यवस्थाके कारणपनि संक्रमितको संख्या धेरै बढिरहेको उनले बताए।

मुख्यमन्त्री राउतले लकडाउन लम्बिदैजाँदा रोगले भन्दा भोकले मर्ने स्थित आउन सक्ने चिन्ता व्यक्त गरे। उनले आगामी बर्षको बजेटमा स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकतामा राखेर अघि बढ्ने बताए।

राष्ट्रिय जनता पार्टी (राजपा) संसदीय दलका नेता एवं भौतिक पूर्वाधार तथा विकास मन्त्री जितेन्द्र सोनलले ७ वटै प्रदेशमा संघीयताको नेतृत्व यही प्रदेशले गरिरहेकाले यहाँको काम उदाहरणीय हुनुपर्ने बताए।

बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवले अगामी बजेटको उद्देश्य, सिद्वान्त र कारण सम्बन्धमा बनेको प्रस्ताव पेशगरे । मन्त्री यादवले बजेट नतिजामुखी बनाइने बताउदै कोरोना महामारी नियन्त्रण, स्वास्थ्य क्षेत्रको सुधार र स्वास्थ्य सम्बन्धी मौलिक हकको परिपुर्ती नै बजेटको मुख्य अंश रहने बताए।

जोखिम न्युनीकरणकासाथै गुणस्तरीय स्वास्थ्यका लागि भौतीक पुर्वाधार र जनशक्तीको निर्माण गरिने बजेटको उद्देश्य र सिद्वान्तहरु मन्त्री यादवले प्रस्तुत गरे । जनकपुरधाम प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउनपनि बजेट केन्द्रित हुने उनले उल्लेख गरे।

सभामुखको अनुमतीमा मन्त्री यादवले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोगको प्रथम प्रतिवेदन २०७६ समेत पेश गरे।

बैठक शुरु हुनासाथ सभामुख सरोज कुमार यादवले प्रदेश प्रमुख तिलक परियारले तेस्रो अधिवेसन अन्त्य र चौथो अधिवेशनको बैठक आह्वान सम्बन्धी पत्र पढेर सुनाएका थिए । सभामुख यादवले जेठ २२ विहिवार दिउँसो ३ बजे पुनः बैठक बस्ने घोषणा गरे।




# किशोरीसँग बलात्कारको आरोपमा चार जना पक्राउ

टुडे समाचारदाता

लहान । सिरहामा १५ बर्षीया किशोरीसँग सामूहिक बलात्कार गर्ने चार जनालाई प्रहरीले पक्राउ नियन्त्रणमा लिएको छ।

गोलबजार नगरपालिका वडा नम्बर ३ गागन खोलामा ती किशोरीसँग सामूहिक बलात्कार गर्ने चार जनालाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा नरहा गाउँपालिका ४ बस्ने २५ बर्षीय रामबाबु भन्ने चन्देश्वर यादव, औरही गाउँपालिका २ बस्ने २० बर्षीय अम्बर यादव र २३ बर्षीय जगरनाथ यादव तथा सुखिपुर नगरपालिका ६ बस्ने १९ बर्षीय गोलु महतो छन्।

किशोरीले आफूसँग करणी गरी मान्छेहरु फरार भएको जानकारी गराए लगत्तै इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले घटनामा संलग्न भएकाहरुलाई पक्राउ गरिएको सिरहा प्रहरीका प्रबक्ता बिनोद घिमिरेले जानकारी दिए। उनका अनुसार घट्नाको सम्बन्धमा अन्य अनुसन्धान भइरहेको छ।

# तस्करलाई सघाउने चार प्रहरी निलम्बित

टुडे समाचारदाता

जनकपुरधाम । तस्करसँग साँठगाँठ गर्ने प्रदेश २ का प्रहरीलाई कार्वाही गर्न शुरु गरिएको छ। प्रदेश प्रहरी कार्यालय जनकपुरधामले चार जना यस्ता प्रहरीलाई कार्वाही स्वरुप निलम्बन गरेको छ।

लकडाउनको समयमा तस्करलाई सघाएको पाइएपछि उनीहरुलाई निलम्बन गरिएको छ।

आर्थिक लाभ लिएर भारततर्फ सामान ओहोरदोहोरमा सहयोग पुऱ्याएको प्रमाण फेला परेपछि उनीहरुलाई निलम्बन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। निलम्बित हुनेमा एक जना प्रहरी सहायक निरीक्षक, दुई जना हबल्दार तथा एक जना जवान छन्।

प्रहरी सहायक निरीक्षक राजाराम ठाकुर, प्रहरी हबल्दार विजय साह, चुनरमण चौरसिया र प्रहरी जवान अरुण तिबारीलाई निलम्बन गरिएको प्रदेश प्रहरी प्रमुख डिआइजी धीरजप्रताप सिंहले जानकारी दिए। यी चारै जना सर्लाहीको बिष्णु गाउँपालिकास्थित बबाल दोहन प्रहरी चौकीमा कार्यरत थिए। कार्यरत रहेको समयमा बिभिन्न तस्करसँग आर्थिक लाभ लिएर उनीहरुलाई तस्करी गर्न सघाइएको पाइएको डिआइजी सिंहले बताए।

सिंहले प्रहरीभित्रको भ्रष्टाचार नियन्त्रण गर्न प्रहरीको शून्य सहनशिलता नीति अनुरुप उनीहरुलाई निलम्बन गर्दै थप अनुसन्धान शुरु गरिएको जानकारी दिए।

# लागुऔषधसहित एक पक्राउ

सिकेन्द्र पासवान

कलैया । बारा सशस्त्र प्रहरी बलले बिश्रामपुर गाउँपालिका-३ खुदियाटोला नेपाल र भारतको दशगजा क्षेत्रबाट लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ।

भारतबाट लुकीछिपी लकडाउनको मौका छोपी नेपाल तर्फ लागुऔषध ल्याईरहेको अवस्थामा सशस्त्र प्रहरीको बीओपी बरैनियाबाट खटी गएको सशस्त्र प्रहरी निरीक्षक नारायण सिंह ऐरीको गस्ती टोलीले लागूऔषधसहित उनलाई पक्राउ गरेको सशस्त्र प्रहरी बाराका प्रमुख दिग्विजय सुवेदीले जानकारी दिए। बुधबार



बिहान लागुऔषध नाईट्रोजेपान ६ सय गोटा र बाईन करेक्स १ सय ४७ बोटल सहित विश्रामपुर गाउँपालिका ३ मुसहर्वा बस्ने बर्ष १८ को धन्नजय यादवलाई पक्राउ गरि आवश्यक कारबाहीको लागि नेपाल प्रहरीलाई बुझाएको सशस्त्र प्रहरी उपरिक्षक सुवेदीले बताए। पक्राउ परेका यादव माथि थप अनुसन्धान भईरहेको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए।

# जीतपुरसिमरामा बेलुकासम्म पसलहरु खुल्ने

टुडे समाचारदाता

जीतपुर । बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको होटल, मादक पदार्थ बाहेक सबे



पसलहरु हरेक दिन खुल्ने भएका छन्। जितपुरसिमरा नगर उद्योग बाणिज्य संघले एक प्रेस बिज्ञप्ति जारी गर्दै सबै पसलहरु खुल्ने जानकारी दिएको हो।

लामो समयदेखि लकडाउनले प्रभाबित भएको ब्यवसायलाई मध्यनजर गर्दै जीतपुरसिमरा उपमहानगरपालिकाको समन्वयमा नगर उद्योग बाणिज्य संघले पसल खोल्न लागेको नगर उद्योग बाणिज्य संघका अध्यक्ष संजय साहले जानकारी दिए।

नगर उद्योग बाणिज्य संघले बिहानदेखि बेलुकासम्म सञ्चालन हुने पसलको समय तालिका सार्बजनिक गरेको छ। जसमा किराना तथा जेनरल स्टोर्स, खाद्यन्न, कपडा, सुनचाँदी, भाडा बर्तन, सैलुन, टेलरिङ बिहान ७ बजे देखि ११ बजेसम्म र रेडिमेड, जुत्ताचप्पल, फर्निचर, हार्डवेयर, मोटर्स पार्टस, ईलेक्ट्रानिक्स, ईलेक्ट्रिस बिहान १२ बजे देखि दिउँसो ४ बजेसम्म खुल्ने छन्।

बिहान देखि बेलुकासम्म खुल्ने पसलहरुमा बिउँबिजन, किटनाशक, औषधी, वर्कशप, डेरी र तरकारी तथा फलफुल पसलहरु रहेका छन्।

हरेक पसलहरुले ५ फिटको समाजिक दुरी कायम हुने ,क्रेता बिक्रेताले अनिवार्य मास्क लगाउँनुपर्ने र पसलमा हाँत धुन साबुन पानीको ब्यवस्था गर्नुपर्ने, समय समयमा पसललाई डिस्ईन्फेक्टेन्ट गर्ने लगायतको नियम लगाईएको रेडिमेड ब्यवसायी संघका अध्यक्ष प्रकाश गिरीले जानकारी दिए। लगाईएको नियम पालना भयो कि भएन भन्ने सम्बन्धित बस्तुगत संघसङ्गठनका अध्यक्षहरुले अनुगमन गर्ने गिरीले जानकारी दिए।

# करको विरोधमा अर्धनग्न प्रदर्शन



टुडे समाचारदाता

वीरगञ्ज । सरकारले जेठ २५ गते भित्र कर नतिरे जरिवाना लिने सूचना जारी गरेपछि यसको चौतर्फी बिरोध सुरु भएको छ। वीरगञ्जमा सत्तारुढ दल नेकपाके नगर कमिटीले अर्थमन्त्रीको बिरोध गर्दै सडकमा अर्धनग्न प्रदर्शन गरेका छन्। पानी परेका बेला पनि भिज्दै उनीहरुले कपडा खोलेर अर्धनग्न विरोध प्रदर्शन गरेका हुन्।

नेकपाका वीरगञ्ज महानगर कमिटी अध्यक्ष रहबर अन्सारीको नेतृत्वमा घण्टाघर चोकमा भेला भएका युवाहरुले जनता भोका भएका बेला सरकारले कर तिर्ने समय तोकेर नागरिकको ढाड सेक्ने काम गरेको आरोप लगाए।

उनीहरुले जनता भोका छन्, चुल्हो निभेको छ, अर्थमन्त्री मुर्दाबाद, बैंक ब्याज मिनाहा गर, सम्पूर्ण कर मिनाहा गर, डुबन्ते अर्थमन्त्री चाहिँदैन लगायतका नारा अंकित प्लेकार्ड बोकेका थिए।

अर्थमन्त्री डा.युवराज खतिवडाको निर्देशनमा आन्तरिक राजश्व विभागले यही जेठ २५ गतेभित्र कर नतिरे जरिवाना गर्ने सूचना जारी गरेको थियो।

यसको चौतर्फी बिरोध हुन थालेपछि सरकारले कर तिर्ने समय थप गरेको छ। बुधबार दिउँसो आन्तरिक राजश्व विभागले कर वुझाउने म्याद असार ७ गतेसम्मका लागि थप गरेको नयाँ सूचना जारी गरिसकेको छ।

सरकारले दुई महिनाभन्दा बढी समयदेखि नागरिकलाई घरभित्रै थुनेर अहिले कर तिर्न उर्दी जारी गर्नु उचित नभएको भन्दै सर्बत्र यसको विरोध सुरु भएको छ।

# टिपर र ट्र्याक्टर ठोक्किँदा टिपरका सह चालकको मृत्यु

टुडे समाचारदाता

मलगंवा । सर्लाहीको इश्वरपुर नगरपालिका ५ स्थित भित्री सडक खण्डमा टिपर र ट्याक्टर एकआपसमा ठोक्किएर दुर्घटना हुँदा टिपरका सह चालकको मृत्यु भएको छ।

फुलजोरबाट बयलबासतर्फ जाँदै गरेको ना.cख.३० ९३ नम्बरको टिपर र बिपरित दिशाबाट आइरहेको ना.४त.४१२५ नम्बरको ट्याक्टर एक आपसमा ठक्कर खाएको सर्लाही प्रहरीका प्रबक्ता मदन कुँवरले जानकारी दिए। ठक्करपछि टिपर अनियन्त्रित भई पल्टिँदा चालक उदयपुरको कटारी नगरपालिका ६ बस्ने २४ बर्षीय बिष्णु बहादुर दनुवार र सह चालक सोही ठाउँका २३ बर्षीय सुजन दनुवार घाइते भएका थिए।

घाइतेमध्ये सह चालक सुजनलाई उपचारका लागि ल्याउने क्रममा बाटोमै मृत्यु भएको र चालकको मध्यम त्रिदेब अस्पताल रानीगंजमा प्राथमिक उपचार पश्चात थप उपचारका लागि बीरगंज पठाइएको छ।

ट्याक्टर तथा त्यसका चालक ईश्वरपुर ६ बस्ने ४९ बर्षीय रामप्रसाद महरालाई नियन्त्रणमा लिइएको सर्लाही प्रहरीले जनाएको छ।

# असारसम्म कर तिर्ने समयावधि थप माग

पोखरा । पोखरा चेम्बर अफ कमर्श कास्कीले असहज अवस्थामा आन्तरिक राजश्व विभागले सबै प्रकारको कर दाखिला गर्न जारी गरेको परिपत्रलाई अव्यावहारिक भएको जनाउँदै समयावधि थप्न माग गरेको छ।

चेम्बरका अध्यक्ष किसान सुनारले विज्ञप्ति जारी गरी बन्दाबन्दीको पूर्ण पालना गरी बन्द रहेका उद्योग व्यवसायबाट कर उठाउनु सम्भव नभएको जनाउँदै विभागले जारी गरेको परिपत्र सर्वोच्च अदालतको पूर्ण इजलासको आदेश विपरीत भएको पनि जिकिर गर्नुभएको छ।

हालको बन्दाबन्दी अवधि जेठ मसान्तमा समाप्त हुने परिप्रेक्ष्यमा कर तिर्ने अवधि न्यूनतम असार मसान्तसम्म दिन माग गर्दै विज्ञप्तिमा लकडाउन लम्बिने हो भने खुलेको एक महिनाभित्र कर तिर्ने म्याद दिनुपर्ने तर्क गरिएको छ। विभागले मङ्सिरदेखि चैत महिनासम्मको मूल्य अभिवृद्धि कर, अन्तःशुल्क कर, आयकर, आर्थिक ऐनअन्तर्गतका सेवा शुल्क र दस्तूर यही जेठ २५ गतेसम्म दाखिला गर्न परिपत्र गरेको जनाइएको छ।रासस

# अहिलेकै अवस्थामा कर तिर्न सक्दैनौँ' : व्यवसायी

कपिलवस्तु । कोरोना भाइरसको विश्वव्यापी असरले यतिबेला नेपालको अर्थतन्त्र र विशेष गरी औद्योगिक क्षेत्र नराम्ररी प्रभावित भएको छ। लामो समयको बन्दाबन्दीले उद्योगी व्यवसायी मारमा परेका छन्। बैंकको चर्को ब्याजदर तिरेर उद्योग व्यवसायमा लगानी गरेकालाई झन् समस्या भएको छ।

यस्तो समयमा आन्तरिक राजश्व विभागको कर विवरण तथा कर बुझाउनेसम्बन्धी सूचनाले प्रदेश नं ५ का उद्योगी व्यवसायीले आफूहरुलाई आक्रोसित बनाएको बताएका छन्। विभागले यही जेठ २५ गतेभित्र कर बुझाउनका लागि सूचना प्रकाशित गरी समयमा कर नबुझाए जरिवाना लाग्ने जनाएको छ।

उद्योगी व्यवसायीले भने केही समय कर दाखिला गर्न सक्ने अवस्था नभएको बताएका छन्। बन्दाबन्दीका कारण उद्योग व्यवसाय ठप्प रहेकाले सरकारले भनेको समयमा कर तिर्न नसक्ने उनीहरुको भनाइ छ। जेठको ३२ गतेसम्म सरकारले बन्दाबन्दी घोषणा गरेकाले जेठ २५ गतेभित्र कर बुझाउन भन्नु अव्यावहारिक भएकाले निर्णय फिर्ता लिन उद्योगी व्यवसायीका सङ्घ सङ्गठनले माग गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश नं ५ समितिले कर विवरण तथा कर दाखिला गर्ने निर्णय फिर्ता गर्न सरकारलाई आग्रह गरेको छ। महासङ्घले आज एक विज्ञप्ति निकालेर सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा पनि उद्योगी व्यवसायीलाई सम्बोधन नभएको र बन्दाबन्दीकै बीचमा कर दाखिला गर भन्नुले उद्योगी व्यवसायीलाई थप मारमा पार्ने काम भएको उल्लेख गरिएको छ।

महासङ्घका अध्यक्ष गुणनिधि तिवारीले अहिलेकै अवस्थामा कर तिर्न सक्ने अवस्था नरहेको बताउनुभयो। उहाँले सर्वोच्च अदालतले समेत बन्दाबन्दीको समयलाई शून्य समय मानेकाले उक्त निर्णय फिर्ता गर्न आग्रह गर्नुभएको छ। लामो समयको बन्दाबन्दीले उद्योगी व्यवसायी थिलो परिसकेका अवस्थामा सरकारले कर दाखिला गर्न भन्नु अव्यावहारिक भएको रुपन्देही उद्योग सङ्घले जनाएको छ। सरकारले कुनै ठोस कार्यविधि र सञ्चालनको वातावरण तयारीबिनै सरकारले ४२ खालका उद्योग सञ्चालन गर्ने निर्णय गरिरहँदा उद्योगीको वास्तविक अवस्थाबारे कुनै ध्यानकर्षण गर्न सकेन, सङ्घका अध्यक्ष बाबुराम बोहोराले भन्नुभयो, बैंकको ब्याज, बजार बन्द र श्रम समस्याबीच उद्योग सञ्चालन गर्ने घोषणा गरेर सोही बहानामा राज्यले कर असुल्ने नीति अवलम्बन गरेको हो भने सो निर्णय अत्यन्तै घातक छ।

विषम परिस्थितिमा सरकारले कर बुझाउन निर्देशन गर्ने, बैंकले ब्याज ताकेता गर्ने र विद्युत् प्राधिकरणले महसुल असुल्न खोज्नुले सरकारको निजी क्षेत्रप्रतिको धारणा अत्यन्त नकारात्मक रहेको स्पष्ट भएको अध्यक्ष बोहोराले बताउनुभयो। कर दाखिला गर्ने समय लकडाउन समाप्तिपछिको कम्तीमा तीन महिना थप गर्न र आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क विवरण बुझाउने समय लकडाउन खुलेको एक महिना थप गर्न उद्योग सङ्घको माग छ।

कर बुझाउने म्याद तोकेकोप्रति गम्भीर आपत्ति प्रकट गर्दै त्यसलाई फिर्ता लिन माग गर्दै रुपन्देही व्यापार सङ्घले आज अर्थमन्त्री युवराज खतिवडालाई पनि ज्ञापनपत्र पठाएको छ। सङ्घको बैठकले मुलुकको आर्थिक मेरुदण्डका रुपमा रहेको निजी क्षेत्रलाई असुविधा हुने गरी लामो समयको बन्दाबन्दीका बीचमा विभिन्न कर रकम बुझाउन ताकेता गर्नु उचित नभएको ठहर गरेको सङ्घका महासचिव दयानिधि भण्डारीले बताउनुभयो। सङ्घले सूचनालाई अविलम्ब फिर्ता लिई राज्यले अभिभावकीय भूमिका निर्वाह गर्न माग गरेको छ।

बुटवल उद्योग वाणिज्य सङ्घले पनि कर दाखिला गर्ने समायावधि बढाउन आग्रह गरेको छ। सङ्घले अर्थमन्त्री युवराज खतिवडालाई ध्यानाकर्षण गराउँदै यस्तो अव्यावहारिक निर्णय फिर्ता गर्न आग्रह गरेको छ। सङ्घका अध्यक्ष खिमबहादुर हमालले सामान्य मानिस पनि हिँडडुल गर्नसमेत नसक्ने समयमा कर विवरण र कर दाखिला गर्न नसकिने हुँदा तत्काल फिर्ता लिन आग्रह गर्नुभयो। कोरोना सङ्क्रमणका कारण जटिल बनेको यस्तो परिस्थितिमा पनि सरकारले कर तिर्न भनेको भन्दै फर्निचर उद्योग सङ्घले पनि आपत्ति जनाएको छ। सङ्घका अध्यक्ष विष्णुप्रसाद पाण्डेले अहिलेकै अवस्थामा कर तिर्न समस्या भएको बताउनुभयो। "जेठ २५ गतेसम्म कुनै पनि हालतमा भ्याट, अन्तःशुल्क र अग्रिम आयकर बुझाउन सकिने अवस्था छैन। यो निर्णय अविलम्ब फिर्ता लिनको लागि जोडदार माग गर्दछौँ", उहाँले भन्नुभयो।

विश्वमा महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण फैलिन नदिनका लागि सरकारले गत चैत ११ गतेदेखि बन्दाबन्दी (लकडाउन) को घोषणा गरेको थियो। बन्दाबन्दीका कारण करिब तीन महिनाको अवधिमा उद्योग व्यवसाय पूर्णरुपमा ठप्प भएकाले यस्तो परिस्थितिमा मुलुक सामान्यीकरण भएको मितिमा कर दाखिला गर्न भनेको भए व्यावहारिक हुने भन्दै उद्योगी व्यवसायीले सरकारको ध्यानाकर्षण गराएका छन्। रासस

# अतिआवश्यक पसल मध्याह्न १२ बजेसम्म सञ्चालन हुने

विराटनगर। विराटनगर महानगरपालिकामा रहेका होटल, रेष्टुराँ तथा सैलुनबाहेक अतिआवश्यक पसल तथा व्यवसाय बिहीबारदेखि सञ्चालनमा आउने भएको छ।

महानगरपालिका अन्तर्गत कोभिड क्राइसीस म्यानेजमेन्ट कमिटीको बुधबार बसेको बैठकले भोलि बिहानदेखि मध्याह्न १२ बजेसम्म पसल सञ्चालन गर्न दिने निर्णय भएको महानगरपालिकाका प्रमुख भीम पराजुलीले जानकारी दिनुभयो।

महानगरपालिकाले सामाजिक दूरी कायम गरी सुरक्षितरुपमा व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# समाजवादीद्वारा रक्तदान कार्यक्रम

टुडे समाचारदाता


वीरगञ्ज। समाजवादी पार्टी इकाइ समिति वीरगञ्ज महानगरपालिका वडा नं १० को आयोजनामा बुधबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ । लकडाउनका कारण जिल्ला भरि रक्तदान कार्यक्रम आयोजना नभएकोले रक्त सञ्चार केन्द्र वीरगञ्जमा रगतको अभाव भएको छ। रगतको अभाव देखिएपछि पार्टीले रक्तदान कार्यक्रम आयोजना गरेको छ।

समाजवादी पार्टी वीरगञ्ज महानगरपालिकाका कार्यपालिका सदस्य सुशिल साह कानुले रक्तदान गरि शुभारम्भ गरेको रक्तदानमा ४ महिला सहित ६६ जनाले रक्तदान गरेका छन् ।

समाजवादी पार्टी वडा नं. १० का इकाइ अध्यक्ष जोगिन्द्र प्रसाद कानुको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष रामनरेश यादवको प्रमुख आतिथ्य रहेको थियो ।

त्यस्तै पार्टीका महानगर कार्यपालिका सदस्य सुशिल साह कानुको विशिष्ट आतिथ्य रहेको कार्यक्रममा जिल्ला सचिव तबरेज अहमद, वरिष्ठ नेता सुन्दर कुर्मी, महानगर कमिटिका अध्यक्ष इश्वर यादव, समाजवादी विद्यार्थी युनियनका जिल्ला अध्यक्ष एजाज बाबु राँकी, समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सदस्य निखील बरनवाल, पार्टिका नेता घनश्याम यादव, लखन कानु, सन्तोष महराठालगयातको उपस्थिती रहेको थियो ।

कार्यक्रमलाइ सम्बोधन गर्दै वक्ताहरुले रगतको अभाव भइरहेका बेला रक्तदान कार्यक्रम आयोजना गर्नु सराहनीय कार्य भएको बताएका थिए ।



कोरोना भाइरसको सङ्क्रमणलाई न्युन राख्नका लागि सामाजिक दुरी कायम गरि आवश्यक सुरक्षा सावधानी अपनाउनका लागि वक्ताहरुले आग्रह गरेको पार्टीका जिल्ला अध्यक्ष रामनरेश यादवले बताए ।

# दोषीलाई कारवाही गर्न नेकपाको ध्यानाकर्षण

काठमाण्डु। सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले यही जेठ १० गते रुकुमपश्चिममा भएको घटनाको निष्पक्ष छानवीन गरी दोषीलाई कडा कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाउन सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ।

छुवाछूतविरुद्धको राष्ट्रिय दिवसका अवसरमा बुधबार सो पार्टीका महासचिव विष्णुप्रसाद पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा छुवाछूत मानव सभ्यताविरुद्धको एउटा कलङ्क र सामन्तवादी सामाजिक सांस्कृतिक संरचनाको उपज भएकाले यस्ता विभेदविरुद्ध अग्रपङ्क्तिमा रहेर नेकपाले सङ्घर्ष गर्दै आएको स्मरण गराउँदै दोषीलाई कारवाहीको माग गरिएको छ।

महासचिव पौडेलले संविधानमा दलित समुदायका निम्ति विशेष व्यवस्थासमेत गरिएको तर संवैधानिक, कानूनी हिसाबले अग्रगामी परिवर्तन र उपलब्धि भएपनि व्यवहारमा अझै दलित समुदायमाथि विभेद र हिंसाका घटना देखा पर्नु गम्भीर चिन्ताको विषय भएकाले सामाजिक-सांस्कृतिक रुपान्तरणका लागि गम्भीर, सार्थक र योजनाबद्ध प्रयास गर्न घच्घच्याइरहेको उल्लेख गर्नुभएको छ। रासस

# कक्षा ११ का विद्यार्थीलाई साइकल वितरण

टुडे समाचारदाता

लहान । सिरहा नगरपालिकाको वडा नम्बर ११ मावि भलुवाहीका कक्षा ११ मा अध्ययनरत्त विद्यार्थीहरुलाई बुधबार साईकल वितरण गरिएको छ।

मावि भलुवाही व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नम्बर ११ का वडाध्यक्ष बिनोद कामतीले विद्यार्थीलाई नियमित विद्यालय आउन सजिलो हुने र मनोवल उच्च राख्नको लागि साईकल वितरण गरिएको बताए।

राम्रो अंक ल्याउनको लागि विद्यार्थीको मनोबल बढाउनको लागि कक्षा १२ का विद्यार्थीलाई वडा कार्यालयबाट ल्यापटप वितरण गर्ने घोषणा उनले गरे ।

विश्वभरि कोरोनाको कहरको समयमा सामाजिक दुरी कायम राखि घरमै निरन्तर



अध्ययन गर्न अग्रह गरे । मावि भलुवाहीका प्रधानाध्यापक शैलेन्द्र यादवले कोरोना कहरको समयमा विद्यार्थीको पठनपाठन प्रभावित भएको स्वीकारे ।

यस्तो विकट समयमा विभिन्न विद्यालयहरुले अनलाईन कक्षा चलाए पनि स्रोतसाधनको अभावमा कक्षा संचालन गर्न असमर्थ रहेको उनले थपे । विद्यार्थीको घरमा नेटको सुविधा नरहेकोले अनलाइन कक्षा पनि प्रभावकारी नहुने प्रअ यादवले थपे ।मावि भलुवाहीमा निरन्तर विद्यालय आउने चार जना छात्र र १८ जना छात्रा गरी जम्मा २२ जनालाई साइकल वितरण गरिएको छ । कार्यक्रममा सामाजिक दुरी कायम राखि शिक्षक, पत्रकार, विद्यार्थी अभिभावक लगायतको उपस्थिति रहेको थियो ।

# उपमहानगरपालिकामा सेवाग्राहीको चाप बढ्यो

टुडे समाचारदाता

जीतपुर । आर्थिक बर्ष



समाप्ती नजिक पुग्न लाग्दा जीतपुर सिमरा उपमहानगरपालिकाको कार्यालयमामा सेवाग्राहीको चाप बढेको छ । योजनाको सम्झौता ,मुल्याङकन र भुक्तानी लिन आउने मानिसको चाप बढेको हो । समाजिक दुरीको पालना गर्दै सेवाग्राहीलाई बिकास निर्माणका कामहरुमा सेवा दिईने काम भईरहेको जीतपुरसिमरा उपमहानगरपालिकाको उपप्रमुख सरस्वती देबी चौधरीले जानकारी दिइन्।

अनुगमन गर्ने समितीको संयोजक समेत रहेकी चौधरीले हप्तामा दुई दिन भईरहेका बिकास निर्माणका कामहरुको अनुगमन गर्ने काम भईरहेको बताइन् ।

स े व ा ग ्र ा ह ी ल ा ई उपमहानगरपालिकाको प्रबेशद्धारमै सुरक्षागार्डले सेनिटाईज गरेर कार्यालयमा प्रबेश दिईरहेका छन् ।

उपमहानगरपालिकाकाको योजना र प्राबिधिक शाखा सेवाग्राहीको चापले भरि भराउँ देखिन्थ्यो । कर्मचारीहरुलाई सेवाग्राहीको कामले भ्याईनभ्याई थियो। हेर्दा लाग्थ्यो सामान्य दिन जस्तै कार्यालय सञ्चालन भईरहेको छ।

# रुकुम घटनाका मृतकको सम्झनामा दीपप्रज्वलन



टुडे समाचारदाता

जनकपुरधाम । रुकुम पश्चिममा दलित युवकको हत्या प्रकरणलाई गम्भिरता पूर्वक लिंदै प्रदेश २ का साँसदहरुले घटनालाई सामाजिक नरसंहार बताएका छन् । राजपा नेपालका प्रमुख सचेतक परमेश्वर साहले घटनाको भर्त्सना गर्दै दोषीउपर कारबाहीको माग गरे । समाजवादी पार्टी संसदीय दलका उपनेता रामअशिष यादवले न्यायका लागि सबै एकजुट भएर अघि बढ्नुपर्ने तर्क गरे।

राष्ट्रिय दलित पत्रकार संघ धनुषाको आयोजनामा जनकपुरधाममा आयोजित 'दीप प्रज्वलन' कार्यक्रममा उपनेता यादवले घटनाको यर्थात कुरा राज्यलाई थाहा हुँदाहुँदै पनि गम्भिरता नदेखाएको आरोप लगाए । अहिलेसम्म दोषीलाई नसमात्नु दुःखद कुरा हो साँसद साहले भने 'यो घटनाले अपराधलाई बढावा दिने भयो ।'

संघका अध्यक्ष कुलदीप दास प्रेमको नेतृत्वमा भएको दीप प्रज्वलन कार्यक्रममा जबसम्म अपराधलाई राज्यले बढावा दिन्छ तबसम्म सम्पन्न राष्ट्र बन्दैन, उपनेता यादवले थपे । यो जातिय छुवाछुत होइन, छुवाछुत माथिको अपराध हो । कार्यक्रममा नेपाली काँग्रेसका जनकपुरधाम उपमहानगरपालिकाका नगर सभापति मनोज कुमार साह, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य शैलेन्द्र झा, महिला अधिकारकर्मी मुन्नी देवी दास सहितका व्यक्तिहरुले मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै दोषीमाथि कारवाहीको माँग गरेका थिए।

# दुर्लभ सत्तिसाल संरक्षण गर्न अभियान

टुडे समाचारदाता

चन्द्रपपुर । रौतहटको बनमा दुर्लभ बन्दै गएको सत्तिसाल जोगाउन संरक्षण अभियान संचालन गरिएको छ।

जिल्लाको पौराई सव डिभिजन बन क्षेत्रको पौराई स्थित ब्रम्हस्थान सामुदायिक वनक्षेत्रमा यो अभियान संचालन गरिएको हो।

लकडाउनके अवधिमा दुर्लभ हुँदै गरेको बहुमुल्य प्रजातीका सत्तिसाल, खयर लगायतका विरुवा प्रवर्द्धन गर्ने उद्देश्यका साथ १० हेक्टर वनक्षेत्रमा यो संरक्षणमुखी कार्यक्रम संचालन गरिएको सहायक वन अधिकृत मदन चौधरीले बताए।

उनका अनुसार यसका लागि डिभिजन वन कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत बनको पुनरुत्पादन संरक्षण कार्यक्रम संचालनका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको छ । हटस्पटका रुपमा पहिचान गरिएको नदि किनार तथा भावर क्षेत्रमा पर्ने यस सामुदायिक वनमा जनसहभागितामा तारघेरा गर्ने,फायरलाइन बनाउने,खोल्सी नियन्त्रण गर्ने,चरिचरन नियन्त्रण गर्ने, आय आर्जनका लागि अम्रिसोका विरुवा रोप्ने गरिएका छन्।

खयर र जंगली सिसौका



बीउ छरि प्राकृतिक रुपमा वनको विकास लगायतका कार्य गरिएका हुन् । यहाँको वनमा दशकौं अघिसम्म सत्तिसाल,खयरजस्ता बहुमुल्य प्रजातीका रुखहरु रहेपनि विनासको चपेटामा पर्दै आउँदा दुर्लभ बन्दै गएको डिभिजन वन कार्यालय, रौतहटका प्रमुख विनोद सिंहले बताए।

बृक्षारोपण र वनको पुर्नत्पादन संरक्षण कार्य गरिएपछि जिल्लाको उत्तरी भेगका पौराइ लगाएतका स्थानमा गर्मीयाममा पानीको नआउने समस्यामा कमि आउने वन प्रमुख सिंहले बताए।

# ट्रान्सफर्म नेपालद्वारा राहत वितरण

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका मुसहरबस्तीमा ट्रान्सफर्म नेपाल



नामक संस्थाले राहत वितरण गरेको छ । गरिव, असहाय, दलित लगायतका परिवारलाई ट्रान्सफर्म नेपालले राहत स्वरुप खाद्यान सामग्री उपलब्ध गराएको छ।

कोभिड-१९ को संत्रमण नियन्त्रण गर्ने उदेश्यले नेपाल सरकारले लकडाउन घोषणा गरे पछि गरिव, मजदुर विपन्न परिवालाई दैनिक जीवनयापन कठिन भएकोले ट्रान्सफर्म नेपालले क्षीरेश्वरनाथ नगरपालिका भित्रका करिब ४० घरपरिवारलाई राहत वितरण गरेको फिल्ड सुपरभाइजर सुर्य मोहन साहले बताए। लकडाउन र निषेधाज्ञाको कारण काम काज, पसल, व्यापार निमार्ण कार्य पूर्ण रुपमा प्रभावित भएपछि असहाय एवं विपन्न दलित परिवालाई छाक टार्न धौधौ परिरहेको बेला यी संस्थाले राहत वितरण गरेको सुपरभाइजर साहले बताए।

ट्रान्सफर्म नेपाल द्धारा वितरण गरिएको राहत मा एक घरपरिवारलाई चामल १० केजी, १ के.जी दाल, आधी लिटर खाने तेल, १ के.जी . नुन, नुहाउने र कपडा धुने सावुन १-१ पिस, १ के.जी. आलु, २५० ग्राम सुवाविन, तुथब्रस २ पिस लगायतका सामग्री उपलब्ध गराइएको सुपरभाइजर साहले बताए।

# ठगीमा सघाएको आरोपमा १५ प्रहरीमाथि अनुसन्धान

काठमाण्डु । ठगी कार्यका लागि विदेशी नागरिकलाई सघाएको आरोपमा अध्ययगमन विभागले सुरक्षामा खटिएका १५ जना प्रहरीमाथि अनुसन्धान थालेको छ । उनीहरुमाथि विभागको हिरासतमा रहेका नाइजेरियाका नागरिक जेम्स एडी जेबीलाई फोन उपलब्ध गराएर ठगी कार्यका लागि सहयोग गरेको आरोप रहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिनुभयो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को अनुसन्धानमा सुरक्षामा खटिएका प्रहरीले सघाएको पाइएपछि विभागको सुरक्षामा रहेका सबै प्रहरीलाई नेपाल प्रहरीको दुई नम्बर गणमा राखेर अनुसन्धान थालिएको उहाँले बताउनुभयो । घटनामा संलग्न देखिएको भन्दै सिआइबीले कारवाहीका लागि महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा पत्र पठाएको थियो । सोही पत्रको आधारमा अनुसन्धान प्रत्रिया अघि बढाइएको हो।

अधयागमन विभागको सुरक्षामा अर्को टोली पठाइएको छ। एक हप्ताअघि नाइजेरियाका नागरिक जेबीले हिरासतबाटै अनलाइनमार्फत साथी बनाएर ठगी धन्दा चलाएको सिआइबीमा उजुरी परेको थियो। अनुसन्धानका क्रममा उनले ह्वाट्स् एपको प्रयोग गरी साथी बनाएर विभिन्न लोभ देखाई पैसा माग्ने गरेको खुल्न आएको छ।

आफू अमेरिकी सैनिक भएको र सिरियाको मिसनका बेला अपरेशन गर्दा ९० लाख डलर भेटिएकाले अमेरिका पठाउने अवस्था नभएको उल्लेख गरी नेपाल पठाउन लागेको भन्दै पैसा माग्ने गरेका थिए।

त्यसरी नेपालमा पठाएको पैसा लिन कूटनीतिक पासपोर्ट भएका आफ्ना सहयोगी नेपाल आउन लागेका बेला दुबईमा अड्किएकाले उसलाई निकाल्नका लागि पैसा चाहियो भनेर एक हजार २५ डलर मागेको पाइएको सिआइबीका निर्देशक प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले जानकारी दिनुभयो । उनी नेपालमा लागुऔषध मुद्दामा छ वर्ष जेल सजाय पाएर छुटेका व्यक्ति हुन् । प्रवेषाज्ञा सकिएकाले उनलाई डिपोर्ट गरेर चैत १० गते नै पठाउन लागिएको थियो तर अन्तराष्ट्रिय उडान रोकिएपछि उनी अध्यागमन विभागको हिरासतमा रहेका थिए।

**चन्द समूहका विद्यार्थी नेता पक्राउ**

नेत्रविक्रम चन्द समूहको अखिल क्रान्तिकारीका अध्यक्ष चिरञ्जीवी ढकाललाई आज प्रहरीले काठमाडौँबाट पक्राउ गरेको छ । महानगरीय प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीले क ा ठ म ा ण ्ड ु क ो माइतीघरबाट ढकाललाई पक्राउ गरिएको जानकारी दिनुभयो । उनलाई अहिले टेकुस्थित हिरासतमा राखिएको छ।

सरकारले गत २०७५ साल फागुनमा नै चन्द समूह आपराधिक त्रियाकलापमा संलग्न भएको भन्दै उसका गतिविधिमा प्रतिबन्ध लगाएको थियो। ढकाल माइतीघरमा आयोजित एउटा विरोध कार्यक्रममा सहभागी हुन् आएको बताइए पनि प्रहरीले किन आएको भनेर खुलाएको छैन । उनको विषयमा अनुसन्धान भइरहेको ज्ञवालीले जानकारी दिनुभयो ।रासस

# प्रधानमन्त्री र विज्ञबीच परामर्श

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा बन्दाबन्दीका अवस्थामा आर्थिक र सामाजिक गतिविधिलाई सहज बनाउने विषयमा बुधबार विज्ञहरुसँग परामर्श गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा जारी छलफलमा



उपप्रधानमन्त्री, परराष्ट्रमन्त्री र स्वास्थ्यमन्त्रीसहित उच्च अधिकारी एवं अर्थ र स्वास्थ्यविज्ञ तथा सामाजिक अभियानकर्मी सहभागी रहनुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिनुभयो।

सरकारले यही जेठ ३२ गतेसम्म बन्दाबन्दी कायम गरेको र यहीबीचमा भारतलगायत तेस्रो मुलुकमा अलपत्र परेका नेपालीलाई स्वदेश ल्याउने योजना सार्वजनिक गरेको छ।

आर्थिक र सामाजिक गतिविधिलाई क्रमशः सञ्चालन गराउनुपर्ने दबाब पनि सरकारलाई बढेको छ। कोरोना सङ्क्रमित दुई हजार नाघेका अवस्थामा सीमित स्रोतसाधनमा उपचार र सचेतनाका लागि अपनाउनुपर्ने थप रणनीतिका विषयमा पनि विज्ञले सुझाव दिनुभएको बुझिएको छ।रासस

# कर ताकेता फिर्ता लेऊ, समयावधि थप गरः देउवा

काठमाण्डु। नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले यही जेठ २५ गतेभित्र कर तिर्न निर्धारित समयावधि तत्काल फिर्ता गरेर स्थिति मूल्यांकनका साथ संवादमार्फत समयावधि थप गर्न सरकारसँग माग गर्नुभएको छ।

उहाँले बुधबार वक्तव्यमार्फत करदाताले प्रतिकूल परिस्थिति भोगिरहेका बेला सहजीकरण गर्ने कर्तव्य र जिम्मेवारी सरकारको भएको बताउनुभएको छ। आन्तरिक राजस्व विभागमार्फत नेपाल सरकारले जेठ २५ गतेभित्र विभिन्न कर चुक्ता गर्न ताकेता गरेको जनाइएको छ ।"व्यवसायीहरुले भोग्नु परेको व्यावसायिक जटिलतालाई सहजीकरण गर्न आवश्यक नीतिनिर्माण गर्ने र राहतको विविध योजना ल्याउने दायित्व सरकारको थियो।

प्रतिपक्षको पटकपटकको आग्रहका बाबजुद राहतको न्यायोचित प्रबन्ध गर्न सरकार बिलकुल गम्भीर भएन तर बन्दाबन्दी भएको अढाइ महिना पुग्न लागेको र जेठ ३२ सम्म कायमै रहेको स्थितिका बीच कर तिर्न ताकेता गर्नु भनेको सरकारले बजारको स्थिति बुझेर पनि बुझ पचाउनु र नागरिकको पीडाप्रति असंवेदनशील बन्नु हो, पूर्वप्रधानमन्त्री देउवाले भन्नुभएको छ।

कोरोनाका कारण नागरिकको जीवन र मुलुकको अर्थतन्त्रले चुनौती भोग्नुपरेका बेला अनावश्यक खर्च घटाउन मितव्ययिताका लागि गर्नुपर्ने एवं गर्न सकिने निर्णय र कार्यमा सरकार गम्भीर नभएको सभापति देउवाको आरोप छ।

व्यापक पिसिआर परिक्षण गरेर सानाठूला व्यवसाय क्रमशः सञ्चालन गर्ने दिशामा आवश्यक पहलकदमी र ठोस कार्ययोजना सरकारसँग नदेखिएको बताउँदै उहाँले समग्र व्यावसायिक क्षेत्रको चुनौतीलाई सहज बनाउन सरोकार पक्षसँग संवादका साथ सहजीकरण प्याकेज निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# काँग्रेसको मधेशी कार्ड

नेपाली काँग्रेसका मधेशबाट भएका सांसदहरुले संविधान संशोधनको विधेयक संसदसचिवालयमा दर्ता गराएका छन् ।काँग्रेस केन्द्रिय समितिको निर्णय बमोजिम दर्ता गरिएको सो विधेयक पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहेको बेला तत्कालिन नेकपा माओवादी र मधेशी दलहरुको समर्थनमा दर्ता गरिएको हो ।पुरानै विधेयकलाई काँग्रेसले दर्ता गराएर मधेशी कार्ड खेलेकोछ ।सरकारले दर्ता गरेको संविधान संशोधन विधेयकलाई समर्थन गर्ने निर्णय गरिसकेको काँग्रेसले मधेशको असन्तुष्टिप्रति सकारात्मक रहेको देखाउन छुट्टै विधेयकपनि दर्ता गराएकोछ ।समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)नेपालले संयुक्त रुपमा दर्ता गराएको संविधान संशोधन विधेयकमा काँग्रेसले मंगलवार दर्ता गराएको विधेयकमा उल्लेखित सबै बुंदाहरु समावेश छन् ।तर काँग्रेसले समाजवादी र राजपाको संविधान संशोधन विधेयकलाई समर्थनगरि संयुक्त रुपमा दर्ता गराउन रुची देखाएन् ।काँग्रेसले अगामी चुनावमा मधेशी जनतालाई संविधान संशोधनको पक्षमा रहेको भ्रम सृजनागर्न सो विधेयक दर्ता गराएको आरोप लाग्न थालिसकेकोछ ।हो, पनि काँग्रेसले यथार्थमा मधेशी दलहरुको प्याकेजमा संविधान संशोधन गर्ने प्रस्तावप्रति समर्थन जनाउनु पर्ने थियो ।सरकारले दर्ता गरेको संविधान संशोधनका लागि काँग्रेस, समाजवादी र राजपा ३ दल मध्ये एक दलको अनिवार्य समसर्थन चाहिन्छ ।सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)सित संविधान संशोधनकालागि आवश्यक २ तिहाई बहुमत छैन् ।यस्तो अवस्थामा उसले प्याकेजमै संविधान संशोधनका लागि राजी हुन सक्थ्यो ।समाजवादी र राजपाले संयुक्त रुपमा दर्ता गराएको संविधान संशोधन विधेयक र नेपाली काँग्रेसले दर्ता गराएको विधेयकमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी(माओवादी)को समेत समर्थन रहेको थियो ।तत्कालिन नेपाल कम्युनिष्ट पार्टी(एमाले)ले समर्थन नगर्दा संशोधन विधेयक पारित हुन सकेन् ।तत्कालिन देउवा सरकारले नै त्यो संशोधन विधेयक दर्ता गराएको थियो ।अहिले मधेशी दलहरुले प्याकेजमै संविधान संशोधनको विषय उठाउँदा त्यसमा काँग्रेस सहमत भएन् ।काँग्रेसले यथार्थमा नै सविधान संशोधनगरि मधेशको असन्तुष्टिलाई शान्त गर्न चाहेको भए प्याकेजमा नै संविधान संशोधनको विषयमा सरकारलाई सहमत गराउन सक्छ ।सरकारलाई काँग्रेसको समर्थन चाहिएकोछ ।काँग्रेसले अहिले मधेशको असन्तुष्टिलाई सम्बोधन गराएर तराई मधेशमा गुमेको लोकप्रियतलाइ फेरी हासिल गर्न सक्थ्यो ।तर उसले मधेशी जनतालाई भ्रमि तगर्न मात्र विधेयक दर्ता गराएको हो ।काँग्रेसले समाजवादी र राजपालाई संविधान संशोधनमा सघाउनु पर्ने थियो ।अहिले संविधान संशोधनका लागि उपयुक्त समयपनि हो ।राष्ट्रिय एकताको प्रदर्शन गर्ने बेलामा सबैलाई समेटेर सरकारले संविधान संशोधनका लागि अग्रसरता लिनुपर्ने हो ।सरकारले हठ गरेर हुँदैन् ।मधेशीपनि नेपाली नै हो ।मधेशीले सविधान संशोधन गराएरपनि नेपाली नै रहन खोजेका हुन् ।मधेशी जनताको राष्ट्रियतामाथि कसैले आशंक ।गर्न मिल्दैन् ।संविधान संशोधनगरि राष्ट्रिय एकता प्रदर्शन गर्न सरकारले नेतृत्व गर्नुपर्छ ।मधेशीले दर्ता गराएको विधेयकलाई सबैले सर्वसम्मतीबाट पास गर्नुपर्छ ।

# शिक्षामा लम्पसारवाद



ज्ञानप्रसाद भट्टराई

हरेक बर्षको बजेट सार्वजनिक गर्न संविधानमा तोकिएके मिति, अर्थात् गत जेठ १५ गते सरकारले आगामी बर्षको बजेट संसद मार्फत् सार्वजनिक गरेको छ । बजेट अर्थ राजनीतिक विषय हो, सामाजिक जिम्मेवारीको दस्तावेज र सरकारको वैधानिक खर्च योजना हो । बजेट राजनीतिक निर्णय पनि हो । यो राजनीतिक दर्शनबाट निर्देशित हुन्छ ।

मुलुकमा अहिले दुई तिहाइ नजिकको बहुमत सहित नेपाल कम्युनिष्ट पार्टिको सरकार छ । अर्थात् यो कम्युनिष्ट सरकार हो । कम्युनिष्ट शब्द आफैमा प्रगतिशील शब्द हो । पार्टिको नाम अनुसार सत्ताधारी दलले आफूलाई समाजवाद उन्मुख रहेको दावी पनि गर्दछ, उसका औपचारिक दस्तावेजमा उक्त भाषा उल्लेख पनि छन् । यति मात्रै हैन लामो राजनीतिक संघर्ष पछि प्राप्त संविधानले समाजवाद उन्मुख समाजको परिकल्पना गरेको छ । शिक्षालाई मौलिक हक अर्न्तगत व्यवस्था गर्दै आधारभूत तह सम्म निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्म अनिवार्य शिक्षाको ग्यारेण्टि गरेको छ । यसको मतलब विद्यालय शिक्षा राज्यको दायित्व हो, सो अनुसार कार्यक्रम तय गर्नु र कार्यान्वियन गर्ने तर्फ सत्ताधारी दलको दृष्टि केन्द्रित हुनु पर्ने हो । शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक महत्वका विषयमा उक्त दलको भूमिका बढ्नु पर्ने हो । विडम्वना संविधान कार्यान्वियन गर्ने मुख्य दायित्व बोकेर निर्माण भएको पहिलो सरकार त्यस तर्फ केन्द्रित देखिएको छैन । सरकारले प्रस्तुत गरेको शिक्षा तर्फको बजेट विश्लेषण गर्दा नवसंशोधनको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । सरकार सार्वजनिक शिक्षा सुधार गर्ने हैन यसलाई राज्यको जिम्मेवारीबाट क्रमशः हटाएर निजी विद्यालय तर्फ लम्पसार परेको छ । यसको प्रमाण बजेटको बुँदा नं १६६ हो ।

सरकारले बजेट मार्फत नयाँ नयाँ नीति र कार्यक्रम घोषणा गर्दछ । तर सबै नीति उपयुक्त र प्रभावकारी हुँदैनन् । सरकारबाट घोषणा गरिएका कयौं नीतिहरू जुन कार्यान्वियनमा आउन नसकेका मभबम उयष्अिथ र कार्यान्वियनका क्रममा अवरूद्ध भएका कष्अप उयष्अिथ रूपमा थुप्रिएर रहेका छन् । यसपटक बजेटको बुँदा नं १६६ यसमा थप हुने देखिन्छ ।

चौतर्फि आलोचना भए पछि बजेट सार्वजनिक भएको तेश्रो दिन शिक्षा मन्त्री गिरिजमणि पोखरेलले सामुदायिक विद्यालय सुधार्ने जिम्मा निजी विद्यालयलाई दिने सरकारको योजना आफ्नो प्रस्ताव नभएको सार्वजनिक गरेका छन् । आईतबार विज्ञप्ति जारी गर्दै मन्त्री पोखरेलले 'उल्लिखित व्यवस्था शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा प्रस्ताव नगरिएको' सार्वजनिक गरे । आफ्नै दलको सरकार र आफै आवद्ध क्याविनेटबाट पारित बजेट प्रतिको उनको असहमती पदीय हिसावमा कत्तिको नैतिक विषय हो ? समयले उत्तर खोज्ने नै छ ।

तर विज्ञप्तिको भाषा हेर्दा उक्त कार्यक्रम प्रति उनको घुमाउरो सहमती पनि देखिन्छ । उक्त कार्यक्रम सञ्चालन गर्न मापदण्ड बनाउँदा ध्यान दिने र विकल्पमा जान सकिने भाषाले उनको उक्त धारणा तत्कालको 'फेस सेभ' मात्रै हो की भन्ने शँका बलियो गरि उब्जाएको छ । चाहे जे भए पनि यो प्रकरणले यस्ता नीति कुनै वर्ग विशेषको दवाव र कसैको लहडमा आउने गरेका छन् भन्ने प्रष्ट पारेको छ । बिसौं वर्षदेखि शिक्षामा क्रोनिकको रूपमा रहेको समस्या समाधान गर्नु भन्दा अप्रासंगिक कार्यक्रम ल्याएर शिक्षा प्रति कति सम्म राज्य उदासिन छ भन्नका लागि यो कार्यक्रम एउटा उदाहरण बनेको छ । बिसौं वर्ष देखिको साविकको उच्च मावि तहका शिक्षक, विद्यालय तहका बालविकासका स्वयंसेवक र कर्मचारीको व्यवस्थापनको समस्या ज्यूँका त्यूँ छन् । यी समस्याको समधान गर्न तर्फ सरकारको कुनै चासो छैन, बरू समाधान भईसकेको अस्थायी शिक्षकको समस्या फेरी ब्यूँत्याउने गरी ६ हजार स्वयं सेवक शिक्षक थप गर्ने तर्फ उसको ध्यान छ !

सरकारले सामुदायिक विद्यालयको गुणस्तर सुधारको लागि भन्दै प्रस्तुत गरेको बुदाँ नं १६६ मा माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सबै निजी विद्यालयले समाजिक उत्तरदायित्व वहन गर्दै कम्तीमाएक सामुदायिक विद्यालयमा शैक्षिक पूर्वाधार सामाग्री सहित विद्यालयको शैक्षिक गुणस्तर सुधारको जिम्मेवारी लिनुपर्ने व्यवस्था गरेको छ ।

यसले सरकारको प्राथमिकता गुणस्तरमा सुधार वा निजी क्षेत्र प्रतिको मोह के हो ? प्रष्ट भएको छ । सरकार सामुदायिक विद्यालयको गुणस्तर सुधार्न नसकेर निजी क्षेत्र प्रति लम्पसार परेको छ। सुधार त सामुदायिक विद्यालय भित्रै खोज्नुपर्छ। सामाजिक दायित्वको नाममा निजी विद्यालयलाई देखाएर सरकार पन्छिनु हुँदैन। यसले समाजवादको खिल्ली उडाएको छ। निजी विद्यालय भन्ने बित्तिकै सबै एकै प्रकारका र सामुदायिक विद्यालय भन्ने बित्तिकै पनि सबैलाई एउटै बास्केटका राखेर हेर्नु अन्याय हुन्छ। जुन सामुदायिक विद्यालयको गुणस्तर कमजोर छ त्यसैमा सुधार खोज्नु पर्छ। सरकारले ब्लाङ्केट एपप्रोचमा यो कार्यक्रम लागु गर्न खोजेको छ। वास्तविकता भने फरक रहेको छ। यो नीति सरकारको लागि नयाँ होला तर यसले केही व्यापारिक घरानाबाट सञ्चालित निजी विद्यालयको विज्ञापन होला तर अन्तत यसले सामुदायिक विद्यालयलाई भन्ने कमजोर बनाउने देखिन्छ। नेपालका जम्मा ६ हजार ६ सय ८७ निजी विद्यालयहरू रहेका छन्। ती मध्ये ५० प्रतिसत निजी विद्यालय जेनतेन चलिरहेका छन्। शिक्षकहरूले न्यून पारिश्रमिकमा अध्यापन गराईरहेका छन्। सबै शिक्षकहरू तालिम अप्राप्त छन्। शिक्षाको गुणस्तर छैन। ती निजी विद्यालयको लागि यो नीति आँफू त महादेव कस्ले देला वर भन्ने नेपाली उखान सरह हुनेछानिजी विद्यालयको शिक्षाको गुणस्तर राम्रो देख्ने हो निजी विद्यालयले गरेका सुधारका राम्रा पक्षलाई पहिचान गरी नीतिगत रूपमानै सामुदायिक विद्यालयमा लागू गर्न सरकारलाई कसले छेकेको छ र ?

यसले सरकारको प्राथमिकता गुणस्तरमा सुधार वा निजी क्षेत्र प्रतिको मोह के हो ? प्रष्ट भएको छ। सरकार सामुदायिक विद्यालयको गुणस्तर सुधार्न नसकेर निजी क्षेत्र प्रति लम्पसार परेको छ। सुधार त सामुदायिक विद्यालय भित्रै खोज्नुपर्छ। सामाजिक दायित्वको नाममा निजी विद्यालयलाई देखाएर सरकार पन्छिनु हुँदैन। यसले समाजवादको खिल्ली उडाएको छ।

निजी विद्यालय भन्ने बित्तिकै सबै एकै प्रकारका र सामुदायिक विद्यालय भन्ने बित्तिकै पनि सबैलाई एउटै बास्केटका राखेर हेर्नू अन्याय हुन्छ । जुन सामुदायिक विद्यालयको गुणस्तर कमजोर छ त्यसैमा सुधार खोज्नु पर्छ । सरकारले ब्लाङ्केट एपप्रोचमा यो कार्यक्रम लागु गर्न खोजेको छ। वास्तविकता भने फरक रहेको छ। यो नीति सरकारको लागि नयाँ होला तर यसले केही व्यापारिक घरानाबाट सञ्चालित निजी विद्यालयको विज्ञापन होला तर अन्तत यसले सामुदायिक विद्यालयलाई भन्ने कमजोर बनाउने देखिन्छ।

नेपालका जम्मा ६ हजार ६ सय ८७ निजी विद्यालयहरू रहेका छन्। ती मध्ये ५० प्रतिसत निजी विद्यालय जेनतेन चलिरहेका छन् । शिक्षकहरूले न्यून पारिश्रमिकमा अध्यापन गराईरहेका छन् । सबै शिक्षकहरू तालिम अप्राप्त छन् ।शिक्षाको गुणस्तर छैन ।ती निजी विद्यालयको लागि यो नीति ँआफू त महादेव कस्ले देला वर ँ भन्ने नेपाली उखान सरह हुनेछा निजी विद्यालयको शिक्षाको गुणस्तर राम्रो देख्ने हो निजी विद्यालयले गरेका सुधारका राम्रा पक्षलाई पहिचान गरी नीतिगत रूपमानै सामुदयिक विद्यालयमा लागू गर्न सरकारलाई कसले छेकेको छ र ? सरकार आफू गर्न नसक्ने र आफ्नो कमजोरीको प्रतिरक्षा युक्तिकरण, प्रक्षेपण र विस्थापनको सहायता लिन खोज्दैछ ।

सामुदायिक विद्यालयमा गुणस्तर सुधार हुन नसक्नाको प्रमुख कारण सरकार स्वयंनै हो । गुणस्तरीय शिक्षा प्राप्त गर्न चाहिने गुणस्तरीय नीति, पाठ्यक्रम, भवन, पर्याप्त शिक्षक र योग्य प्रधानाध्यापकको व्यवस्था हुन सकेमा सामुदायिक विद्यालयको गुणस्तर निजी विद्यालयको भन्दा कमी हुँदैन ।यसको लागि निजी विद्यालय गुहार्नु पर्ने अवस्था समेत आउने छैन । सरकार शिक्षकमाथि दोष थुपारेर आफू पानी माथिको ओवानो बन्न खोजेको छ । सरकारले लिएका नीतिबाट यो छर्लङ्ग देखिन्छ।

शिक्षाका नीतिहरू विभेदकारी छन् । एउटै विद्यालयमा सत्र थरिका शिक्षक छन् । एउटै तहमा अध्यापन गराउने शिक्षकले पाउने तलब फरक छ । राजनीतिक दल निकट रहेका सत्ताका भक्त शिक्षकहरूले नपढाए पनि तिनै राम्रा शिक्षक बनेका छन् । सरकारबाट तिनै पुरस्कृत भएका छन्। जसले नेताको चाकडी गरेका छन्, तिनै शिक्षकको रूपमा नियुक्ति हुने संस्कृति नै बनिसकेको छ । तिनै विद्यालयका प्रअ बनेका छन् । यदि शिक्षाको गुणस्तरमा सुधार गर्ने हो भने र सरकारमा तागत छ भने तुरून्त शिक्षक सेवा आयोग खोल्नु पर्छ । प्रअ र शिक्षकको नियुक्तिको योग्यता चाकडी, चाप्लुसी बन्नु हुन्न । प्रतिष्पर्धाबाट छनौट हुनुपर्छ ।

योग्य शिक्षक विद्यालयमा आउन पाउनु पर्छ । तर सरकार अझै पनि शिक्षकमा आफ्ना कार्यकर्ता र आसेपासेलाई भर्ना गर्न खोज्दैछ । यसको पछिल्लो प्रमाण भनेको ६ हजार स्वयं सेवक शिक्षक नियुक्ति गर्न खोज्नु हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय आफै किंकर्तव्य विमूढ देखिएको छ । उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन कोमामा पुगेको छ । शैक्षिक गुणस्तरमा सुधारमा भन्दा मन्त्रालयको ध्यान शिक्षक तथा कर्मचारीको सरूवा र बढुवामा बढी केन्द्रीत रहँदै आएको छ । मन्त्रालयको शिक्षक प्रतिको हेराई दुराशयपूर्ण छ । विद्यालयमा अनुगमनको पाटो कर्मकाण्डीय रूपमा मात्र रहेको छ ।

विद्यालयको शैक्षिक गुणस्तर विद्यालयको वातावरणमा भर पर्छ । विद्यालयको वातावरण शिक्षण मैत्री छैन । अझै पनि दुरदराजका विद्यालयका भवनहरूमा छानो छैन, बस्ने डेस्स र बेञ्च छैन । पाठ्यपुस्तक छैनन् । खेल मैदान छैन । स्वच्छ पिउने पानीको व्यवस्था छैन । शौचालय छैन । अब गुणस्तर कहाँ खोज्ने ?

सामुदायिक विद्यालयमा आउने बालबालिकाहरू आर्थिक रूपले विपन्न, सामाजिक एवं भौगोलिक पिछडिएको वर्गका छन् । कतिपय बालबालिकाहरू भोको पेट र नाङ्गो खुट्टा विद्यालय आउँछन् । धेरैजसो बालबालिकाहरू बिहान श्रम गरेर दिउँसो सामुदायिक विद्यालय पढ्न आएका छन् । कतिपय बालबालिका कुपोषण युक्त छन् । मानसिक रूपमा विक्षिप्त देखिन्छन् । जीवन प्रति निस्सारता छाएको छ । विद्यार्थीलाई सिकाइमा तत्पर गराउन निकै कठिन भएको छ । हेवर, टारजन, ओसवर्ग भन्दछन् गरीबद्वारा ग्रसित पारिवारिक संस्कृतिबाट आएका बालबालिकाहरू लगभग ५८ प्रतिशत मानसिक रूपले दुर्वल हुन्छन् ।

विद्यालयको पाठ्यक्रम जीवनोपयोगी छैन । आयातित छ । मेकाले प्रवृत्तिको छ । उपनिवेशवादबाट ग्रसित छ । जीवनको क्षति मात्र भएको छ । शिक्षा रोजगारीसँग जोडिन सकेको छैन । सरकार गुणस्तर कमजोर हुनका कारण पहिल्याउनु भन्दा कहिले विदेशी डोनरको र कहिले निजी विद्यालय सामु गुणस्तर सुधार्न भनी लम्पसार परेको छ । गुणस्तरको सुधार भनेको बहुआयामिक बिषय हो ।

**के सुधार गर्ने ?**

(शैक्षिक गुणस्तरको सुधार सामुदायिक विद्यालय भित्रै खोज्नु पर्छ ।

(सरकार शिक्षाको दायित्वबाट पन्छिने हो र शिक्षा क्षेत्रमा सुशासन कायम गर्न नसक्ने हो भने सरकारको कार्यकालको अवधिसम्मका लागि सामुदायिक विद्यालयको जिम्मा कुनै व्यक्तिलाई ठेक्कामा चलाउन दिंदा राम्रो हुन्छ ।

(शिक्षकमा पार्टिका कार्यकर्ता र ठुलाबडाका आसेपासे भर्ना गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ । शिक्षक नियुक्ति खुल्ला प्रतिष्पर्धाको आधारमा एकद्वार प्रणालीबाट हुनुपर्छ । शिक्षक सेवा आयोग तत्काल खोल्नु पर्छ ।

(शिक्षक आफैं जन्मन्छ बनाएर हुँदैन, त्यसैले शिक्षक हुनका लागि आवश्यक गुणको पहिचान गर्ने पद्धतिको विकास गर्नुपर्छ ।

(विद्यालयको भौतिक वातावरणमा सुधार गर्नुपर्छ । विद्यालयको वातावरण प्रजातान्त्रिक हुनुपर्छ । विद्यार्थीको मनोपरामर्शमा जोड दिनुपर्छ ।

(विद्यालय व्यक्तिमा उठेका लहडलाई नितीको रूपमा प्रयोग गर्ने प्रयोगशाला बनाउनु हुँदैन, थितीमा चल्नु पर्छ ।

(पाठ्यक्रमलाई रोजगारसँग जोड्नुपर्छ ।

*भट्टराई माध्यमिक शिक्षक युनियन नेपाल ( हिस्टुन) केन्द्रीय अध्यक्ष हुन् ।सौजन्य :एडु खबर)*

# सुरक्षाकर्मीको साहसले बाचिएँका हामी



बलिराम गुप्ता



(तस्बिरकोस्रोत–फेसबुक)

नेपाली सुरक्षाकर्मीको साहसी, इमान्दारिता, कर्तव्य निष्ठा जस्ता उपमाको व्याख्या गरिहनु पर्दैन । नेपालको माटोलाई जोगाउनुपर्दा होस वा प्रथम र दितीय विश्वयुद्धमा लडाईगर्दाताका होस । कहिल्यै नेपालीको शिरनिहुरन दिएनन् । बरु विभिन्न चक्रपदकबाट विभुषित भए । आफ आँसुझार्न भए पनि, त्यो आँसुमा डरपना, लोभपना जस्ता कुकृत्यसँग्यालाई सम्मिसर्णगर्न दिएनन् । हो त्यही साहसी, बहादुर, इमान्दार, कर्तव्य परायणता जस्ता विभुषित शव्दहरुले र त्त्रसंचारगराएको भुगोलमा अस्तित्वको खोजीमा रमाईरहेको व्यतित्वहरु हौं हामी । मलाई गर्वलाग्छ नालापानीको लडाईमा वलभद्रकुवरको बहादुरीको नाम लिदाँ, मलाई गर्वलाग्छ ती सिमाको सुरक्षामा आफ्नो रगतको प्रवाहनगरी कन आफ्नो माटो जोगाउन तल्लिन देवनारायण यादव प्रति । मेरोमनमा सहानुभुति जाग्छती ७० वर्षीय वृद्ध वहाघ भिमसेन प्रतिजो भुमिको सुरक्षाकोलागि लडाईमा खटिरहे । यस्ता अनेकौ उदाहरणहरुले भरिएको व्यतित्वहरुको देशहो नेपाल ।

आज हामी गर्वगर्छौं हाम्रो देश नेपाल भनेर तर भुल्नुहुन्न पश्चिमीसिमाको सुरक्षाको लागि पानीनखाई पनि भूमि जोगाउन योगदान गरेका भक्तिथापा प्रति । नालापानीको लडाईमा अँग्रेजसँग देखाएको बहादुरीमा कहिल्यै भुलिन्नतीलडाईमा भागलिने योद्धाहरुलाई । कहिल्यै भुलिन्न ती महानशहीदहरुलाई जसको त्याग र तपस्याले सिर्जेको मुलुकहो हाम्रो देश नेपाल । कहिल्यै बिर्सनहुन्न ती मधेशीहरुलाई जो आज सिमाको सुरक्षाको कवचको रुपमा बसेर सिमा जोगाईरहेका छन् ।

एक पटक बिनलादेनले भनेका थिए यदि म सँग गोरखाली सेना भएको भए अमेरिकालाई काचै खाइदिन्थे । आर्थात सुरक्षामा तल्लीन बफादार सुरक्षाकर्मीलाई सलाम । यही सन्दर्भमा अली फरक प्रसँग जोडदा याद आउछ रुपन्देहीको सुनौलीमा कोरोना विरुद्धको लडाईमा अनवरत सहयोग गरिहेका मेरोमित्र अविनास गुप्तालाई । उनलाई मैले फोन गर्दाउनको जवाफ थियो म कोरोनाको विरुद्धको लडाईको लागि म सुरक्षाकर्मीको हैसियतले जे पनि गर्न तयार छु। 'यहीक्रममा मैले केही दिन अगाडी सिमामा कोरोनाबिरुद्धको लडाईको लागि सुरक्षाकमीलाई हेर्दा आफ्नो ज्यानको प्रवाह नगरी सिमामा सहयोग गर्दा मलाई सुरक्षाकर्मी प्रति गर्व लाग्यो। पानी परिरहदाँ पालको ओतले शरीर भिज्ननदिई र बाँसको तल कहिले काही घामबाट बच्ने सहारालिई हामीलाई कोरोनाबाट सुरक्षाको प्रत्याभुतिदिलाई रहेका । यतिमात्रै हैन दिन र रात नभनी चाउचाउरबिस्कुटको सहाराले कयौघण्टा काममा व्यस्त कोरोनाविरुद्धको सिपाहीहरुलाई सलाम ।

ती टनटलापुर घाममा कोरोना बिरुद्ध हाम्रो सुरक्षाको लागि लडिरहदाँ आज हामी चैनको सांसलिईरहेका छो नत्रभने हामी कहाँ पनि अमेरिकार इटाली जस्तो दुख आउनसक्दथ्यो । अहिलेको वर्तमान परिस्थितिमा कोरोनाबिरुद्धको लडाइमा सुरक्षाकर्मी, डाक्टर, नर्सलगायतले अग्रपंक्तिमा बसेर काम गरिरहेकोले हामी सुरक्षित महसुसगरिरहेका छौ। नत्रभने हामी विभिन्न दुख भोग्न बाध्य हुनथ्यौ। हामी राष्ट्रियताको कुरा गर्छौं, हामी सुरक्षाकर्मी विनाको राष्ट्रियताको कल्पना गरौत । के हाम्रो राष्ट्रियता मजबुत हुन्छ। अवश्य पनि हुदैन। राष्ट्रियता भनेको भुगोल मात्रै हैन त्यहाँ बसोबास गर्ने जनता, राष्ट्र सरकार, सुरक्षाकर्मी इत्यादिहरु पनि पर्दछन । अनि मात्रै राष्ट्रियता मजवुत हुन्छ। हामी यो सम्बन्धमा जुन सुकै देशको कुरा गर्न सक्छौ चाहे त्यो इजरायल होस वा अमेरिका वा छिमेकी राष्ट्र भारत। अहिले कोरोना विरुद्धको लडाईमा सुरक्षाकर्मी, डाक्टर, नर्स लगायत हाम्रो सुरक्षाको कवचको रुपमा आफुलाई उभ्याई हामीलाई कोरोनाबाट जोगाई रहेका छन्।



'२४ घण्टा खटेर आम जनतालाई कोरोनाबाट बचाईरहेकासुरक्षाकर्मीहरुलाई जनताको तर्फबाट सलाम । घाम पानी र असिनाको प्रवाह नगरी ज्यान नै मृत्युको शैयामा राखेर लडिरहेका सुरक्षाकर्मीहरुको महत्व भनेर पुग्दैन वहाँहरुको काम सराहनिय छ।'

*नन्दु यादव (तस्बिरको स्रोत-फेसबुक)*

**संचारकर्मी**



कोरोनाको विरुद्धको लडाई नेपालको लागि मात्रै नभईयो विश्वको लडाई हो । जसको कारण आज हामी सुरक्षित महसुस गरिरहेका छौ उहाँहरुलाई इतिहासले कहिले भुल्ने छैन र कोरोना विरुद्धको लडाईमा विश्व चाडै नै विजयी होस भन्नेकामना पनि गर्दछौ ।

*नरेन्द्र राज कँडेल (तस्बिरकोस्रोत -फेसबुक)*

नागरिक तथा वैचारिक व्यक्तित्व



'विश्व नै कोरोनाबाट लडिरहेको अवस्थामा सुरक्षाकर्मी, डाक्टर, नर्स लगायत फ्रन्टलाईनमा बसेर काम गर्ने व्यक्तित्वहरु प्रति नमन । आज उहाँहरुको सहयोगले सुरक्षित महसुस गरिरहेका छौ । यो लडाई हामी सबै मिलेर लडयौ भने सफल हुन्छौअन्यथा मृत्यु शैयामा पुग्न बाध्य हुन सक्छौ ।'

*काशीनाथ हरिजन (तस्बिरकोस्रोत -फेसबुक)*

**राजनिति कर्मी तथा समाज सेवी**

पक्कै पनि आज कोरोनाको महामारीले गुर्जिरहेको विश्वलाई एक चोटी सुरक्षाकर्मीको ठुलो सहयोग लिन परिरहेको छ । प्राकृतिक प्रकोप होस वा अरु कुनै आपदा सुरक्षा कर्मीको ठुलो सहयोग रहेको हुन्छ । चिनको वुहानबाट सुरुभएको कोभिड १९ ले विश्वलाई नै हल्लाएको छ । यति सम्म कि अमेरिकाको विशेष क्षेत्र भनिएको चेनभन्जयाङमा सुरक्षाकर्मी राख्नु पर्यो।




(तस्बिरकोस्रोत–फेसबुक)

चेनभन्जयाङ सुरुङ अमेरिकी सैनिकको सुस्जित क्षेत्र हो । कोरोनाको सन्दर्भलाई जोड्ने हो भनेसुरक्षाकर्मी कै सहयोगमा भारतमा कोभिड १९ केही हदसम्म नियन्त्रणमा रहेको छ। नेपाली सुरक्षाकर्मीले वि.स. २०७२ सालको भुकम्पमा धेरैमान्छेहरुको ज्यान जोगाउन सफल भएका थिए। त्यसतै केही वर्ष पहिले नेपालको पुर्वक्षेत्रमा गएको बाढीमा पनि सम्भन्न लायक को सहयोग गरेका थिए । यस्ता सयौ कामहरुको संयोजक र प्रतिविम्व हो सुरक्षाकर्मी । अन्तयमा कोरोना विरुद्धकोलडाईमा अभ्यस्त सम्पुर्णमा नमन ।

*लेखक:- (जिल्ला नवलपरासी प्रतापपुर गा. पा. -९, पजरकट्टी घर भएका लेखक शिक्षा, अर्थ र कृषिसँग सम्बन्धित विषयमा विषयमा कलम चलाउँ छन ।)*

# अब अक्सिजन र भेन्टिलेटर आवश्यक पर्नेलाई मात्र अस्पतालमा : मन्त्री ढकाल

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले कोरोना सङ्क्रमितको सङ्ख्या दुई हजार नाघेकाले अब अक्सिजन र भेन्टिलेटर आवश्यक पर्नेलाई मात्र अस्पतालमा भर्ना गरिने बताउनुभएको छ।

अन्तर्राष्ट्रिय बौद्ध संस्था चु जी फाउण्डेशनको पहलमा हेल्थ इन्भ्याइरोन्मेन्ट एण्ड क्लाइमेट एक्सन फाउण्डेशन (हेकाफ ३६०) ले बुधबार उपलब्ध गराएको स्वास्थ्य सामग्री ग्रहण गर्दै मन्त्री ढकालले सामान्य अवस्थाका बिरामीलाई उपचारका लागि आइसोलेसनकक्ष स्थापना गरी त्यहाँ राखिने बताउनुभएको हो । उहाँले अन्तर्राष्ट्रिय अभ्यास र अध्ययनमा सङ्क्रमित भएकामध्ये ८० प्रतिशत बिरामी सामान्य अवस्थाका हुने भएकाले गम्भीर अवस्थाका बिरामीलाई अस्पताल र उपचारको अभाव नहोस् भन्नका लागि अब नयाँ नीतिमा जाने स्पष्ट गर्नुभयो ।



उहाँले मुलुकमा १५ हजारसम्म सङ्क्रमित हुनसक्ने आँकलनका आधारमा त्यसको पाँच प्रतिशतका लागि भेन्टिलेटरसहितको अस्पतालमा राख्न सकिने गरी प्रबन्धमा सरकार लागेको जानकारी दिदैं स्वास्थ्य सामग्रीको अभाव भएका बेला प्राप्त सहयोगलाई अतिआवश्यक ठाउँ हेरेर पारदर्शीरूपमा वितरण गरिने बताउनुभयो ।

चु जी फाउण्डेशनका अध्यक्ष महेश नकर्मीले ३० थान भेन्टिलेटरसहित रु एक करोड ७० लाख मूल्य बराबरको सामान उपब्ध गराइएको जानकारी दिदैं कोरोना उपचार र रोकथामका क्रममा सरकारसँग मिलेर आगामी दिनमा पनि निरन्तर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सन् १९६६ मा एक बौद्ध गुरुमा चेङ येनको सक्रियतामा स्थापित चुजी फाउण्डेशनको संयुक्त राज्य अमेरिका, चीन, क्यानाडासहित ६३ मुलुकमा शाखा स्थापित छन् ।रासस

# 'तत्काल कर बुझाउने सूचना जारी गर्नु अव्यावहारिक'

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना भाइरसको संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा पनि सरकारले बन्दाबन्दी सयमभित्रै तत्काल कर बुझाउने सूचना जारी गर्नु अव्यावहारिक भएको जनाएको छ।

काँग्रेस संसदीय दलले बुधबार विज्ञप्तिमार्फत बन्दाबन्दीबाट बन्द सानादेखि ठूला उद्योगधन्दाका साथै श्रमिकवर्ग र कृषकका लागि विशेष राहत प्याकेज व्यवस्था गर्नुपर्नेमा त्यसविपरीत करका लागि ताकेता गर्नु गैरजिम्मेवारपन भएको आरोप लगाउँदै उक्त कदम तत्काल सच्चाउन सरकारसँग माग गरेको छ।

पार्टीका प्रमुख सचेतक बालकृष्ण खाणले नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनु राज्यको प्रमुख दायित्व भएको पनि विज्ञप्तिमा स्मरण गराउनुभएको छ ।रासस

# हङकङ चीनको अविभाज्य क्षेत्र हो: नेपाल सरकार

काठमाण्डु। सरकारले हङकङ जनगणतन्त्र चीनको अविभाज्य क्षेत्र भएको दोहोऱ्याउँदै एक चीन नीतिप्रति नेपाल अटल रहेको स्पष्ट गरेको छ।

हङकङको राष्ट्रिय कानूनका सन्दर्भमा राससको जिज्ञासामा परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौडेलले नेपालको एक चीन नीतिप्रतिको नेपाल सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै त्यहाँ शान्ति-सुरक्षा र विधिको शासन कायम गर्नु चीनको दायित्व भएको बताउनुभयो ।

कुनै पनि मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप हुन नहुने मान्यताप्रति नेपाल अडिग रहेको बताउँदै उहाँले हङकङमा शान्ति सुव्यवस्था कायम गर्न चीनले गरेका प्रयासप्रति नेपालको समर्थन रहेको स्पष्ट गर्नुभयो ।रासस

# गण्डकी प्रदेशसभा : नीति तथा कार्यक्रम माथि छलफल

पोखरा । गण्डकी प्रदेशसभाको बुधबारको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिदैं प्रदेशसभा सदस्य गायत्री गुरुङले प्रदेशको विकास तथा समृद्धिका लागि नीति तथा कार्यक्रम लक्षित रहेको बताउनुभएको छ।

उहाँले कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि स्पष्ट दृष्टिकोणसहित सरकार अघि बढेको बताउँदै नीति तथा कार्यक्रमले मानव स्वास्थ्य, शिक्षा, कृषि, पर्यटनलगायतलाई समेट्न खोजिएको छ भन्नुभयो ।

सदस्य कृष्णबहादुर थापाले सरकारको नीति तथा कार्यक्रम वैज्ञानिक र लोकतान्त्रिक भएको उल्लेख गर्दै प्रदेशसभा सदस्यको क्षमता वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । मुलुकमा देखिएको कमिशनतन्त्र नियन्त्रणका लागि प्रभावकारी ऐन कानुन बनाउनुपर्ने आवश्यकता रहेको बताउँदै उहाँले कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकार प्रतिबद्ध भएर लागेको छ भन्नुभयो । सदस्य भगवत प्रकाश मल्लले स्रोतको पहिचान नहुँदा सरकारको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियनमा शङ्का उत्पन्न भएको उल्लेख गर्दै सार्वजनिक खरिद ऐन सुधार गर्नुपर्नेमा जोड दिनुभयो । प्रस्तुत नीति तथा कार्यक्रम प्रचारमुखी देखिएको बताउँदै उहाँले दक्ष जनशक्तिको अभावमा मुख्यमन्त्री जलवायु नमूना कृषिगाउँ कार्यक्रमको कार्यान्वियनमा समस्या आउने उल्लेख गर्नुभयो ।



सदस्य मीना गुरुङले कोरोनाको कारण शिथिल अर्थतन्त्रलाई उठाउने गरी नीति तथा कार्यक्रम आएको बताउँदै पाँच प्रतिशत ब्याजमा ऋण लगानी गर्ने नीतिले उद्योगी तथा व्यवसायीमा केही राहत प्रदान गर्नेछ भन्नुभयो । योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा स्पष्ट नीति ल्याउन आवश्यक भएको उल्लेख गर्दै उहाँले मानवसेवा आश्रमजस्ता संस्थालाई संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । सदस्य दीपक थापाले प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने किसिमको प्रभावकारी व्यवस्थापन हुनुपर्नेमा जोड दिदैं आत्मनिर्भर अर्थतन्त्रको विकास अहिलेको आवश्यकता भएको बताउनुभयो ।

सदस्य मणिभद्र शर्माले सीमा क्षेत्रबाट आउने नागरिकलाई समयमै व्यवस्थापन गर्न नसक्दा धेरै समस्या आएको बताउँदै क्वारेन्टिनको उचित व्यवस्थापन गर्न आग्रह गर्नुभयो । रासस

# काखे छोरी माइतीमा छाडेर कोरोना अस्पतालको नेतृत्व गर्दै डा शान्ति

चितवन । दुई बालबालिका माइतीमा छाडेर डा शान्ति भुर्तेल नेपालले यतिबेला भरतपुर कोरोना विशेष (अस्थायी) अस्पतालको नेतृत्व गरिरहनुभएको छ। भरतपुर अस्पताल मातहतमा कोरोना अस्पताल आएपछि वैशाख १० गतेबाट सो अस्पतालको प्रमुख उहाँलाई तोकिएको छ।

कपिलवस्तुको वाणगङ्गा स्थायी घर भएकी डा शान्तिको माइती भरतपुरमै छ । माइतीमा

> ***कपिलवस्तुको वाणगङ्गा स्थायी घर भएकी डा शान्तिको माइती भरतपुरमै छ। माइतीमा तीन वर्षीया छोरी आरभी र नौ वर्षीय छोरा आरभलाई राखेर उहाँ भने कोरोना अस्पतालमा खटिरहनुभएको छ। सासु–ससुराको निधनपछि श्रीमान् डा धिरेन्द्र नेपालको गत वर्ष निधन भएसँगै परिवार आफैँले सम्हाल्दै आउनुभएकी डा शान्ति परिवारको व्यवस्थापनसँगै आफ्नो जिम्मेवारीमा खटिरहनुभएको छ।***

तीन वर्षीया छोरी आरभी र नौ वर्षीय छोरा आरभलाई राखेर उहाँ भने कोरोना अस्पतालमा खटिरहनुभएको छ । सासु-ससुराको निधनपछि श्रीमान् डा धिरेन्द्र नेपालको गत वर्ष निधन भएसँगै परिवार आफैँले सम्हाल्दे आउनुभएकी डा शान्ति परिवारको व्यवस्थापनसँगै आफ्नो जिम्मेवारीमा खटिरहनुभएको छ।

कोरोना अस्पतालमा केही दिनयता स्वाब सङ्कलन गर्न छाडे पनि त्यहाँ रहेका चार सङ्क्रमितको चौबीसै घण्टाको व्यवस्थापन उहाँको थाप्लोमा छ । उनीहरूको खानपानदेखि स्वास्थ्योपचार मात्र होइन, त्यहाँ कार्यरत २७ कर्मचारीको खानपान र बसोबासको व्यवस्थापन उहाँ आफैँले गर्दै आउनुभएको छ । उच्च जोखिममा काम गर्नुपर्ने भए पनि सङ्क्रमित निको पार्न र सङ्क्रमण सार्नबाट रोक्न उहाँको व्यवस्थापन प्रभावकारी देखिन्छ । दैनिक सङ्क्रमितसँग टेलिफोन र भिडियोकलबाट उनीहरूको अवस्था उहाँले बुझ्ने गर्नुहुन्छ । कुनै समस्या भएमा तत्काल समाधान गर्ने उहाँको दैनिकीमा पर्दछ। उहाँले भन्नुभयो, "दिउँसो त म अस्पतालमै हुन्छु, साँझ-बिहान जतिबेला समस्या पर्छ त्यतिबेला यहाँ आउँछु।"

खानादेखि औषधिसम्मको चाँजोपाँजो आफैँले मिलाउनुपर्ने भएकालेचौबीसैघण्टाध्यानअस्पतालमाने हुने उहाँले बताउनुभयो। डा शान्ति बिरामी थपिँदै गर्दा अस्पतालमा गर्ने व्यवस्थापनको पूर्वतयारीमा यतिबेला जुटिरहनुभएको छ । "गुनासोकसैकोनआउनेगरीव्यवस्थापनमा जुटेको छु", उहाँले भन्नुभयो "सङ्क्रमितलाई सकेसम्म छिटो सङ्क्रमणमुक्त भएर फर्काउन सकियोस् भन्ने चाहना छ।"

सङ्क्रमितसँग प्रत्यक्ष काम गर्ने स्वास्थ्यकर्मी र चिकित्सकलाई विश्व स्वास्थ्य सङ्गठनको निर्देशिकाअनुसार काम गराउन उहाँ तल्लीन हुनुहुन्छ । जसका कारण सङ्क्रमण उनीहरूलाई नफैलियोस् भन्ने उद्देश्यका साथ अस्पतालमा काम गरिरहेको उहाँले बताउनुभयो । उहाँले नेतृत्व गरेपछि अस्पतालले झण्डै ६०० जनालाई सेवा दिइसकेको छ। अस्पतालको नेतृत्व गरिरहँदा स्वास्थ्यकर्मी, कर्मचारी होटलको क्वारेन्टिनमा बसिरहेका छन् भने उहाँ अस्पतालकै आवासको क्वारेन्टिनमा बस्दै आउनुभएको थियो । दुई दिनअघि स्वाब परीक्षण गरी अहिले रातको समयमा छोराछोरीसँगै माइतमा बस्दै आउनुभएको छ। माइतीका हजुरआमा, बुबा, आमा, बहिनी ज्वाइँ सबैको साथ र सहयोगकै कारण आफू अस्पतालमा खट्न पाएको उहाँले बताउनुभयो । उहाँले सङ्क्रमण सर्न नपाओस् भनेर सावधानी अपनाएरै काम गरेको बताउनुभयो । "सङ्क्रमित थपिँदै गर्दा उहाँ फेरि क्वारेन्टिनमै बस्नुपर्ने छ", उहाँले भन्नुभयो, "यो सङ्कटको समयमा पारिवारिक पीडा र समस्या पन्छाएर स्वास्थ्यकर्मी, चिकित्सक कार्यक्षेत्रमा खटिएनौं भने कसले उपचार गर्छ ।" एनेस्थेसियाका नवौ तहकी भुर्तेल छोटो समयमा विभिन्न अस्पतालको अनुभव हासिल गरिसक्नुभएको छ। उहाँले अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारी, प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारी, डा प्रमोद पौडेल, मेट्रोन शान्ता भण्डारी, शान्ति सापकोटालगायतसम्पूर्णकर्मचारीको साथ र सहयोगका कारण काम गर्न आफूलाई सहज भएको बताउनुभयो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट तिवारी डा भुर्तेलले कोरोना अस्पतालको व्यवस्थापन प्रभावकारी ढङ्गले गरिरहेको बताउनुभयो । अहिलेकोपरिस्थितिमाचिकित्सक, स्वास्थ्यकर्मीमा जिम्मेवारी उच्च भएको भन्दै सबैले आ-आफ्नो कर्तव्य पूरा गरेमा सङ्क्रमणबाट जोगिन सकिने उहाँको भनाइ छ। परिवारिक पीडा भुलेर राष्ट्र र जनताका लागि सबैले डा भुर्तेल झैं जोखिम मोलेर राष्ट्र सेवामा समर्पित हुने बेला आएको छ ।रासस

# नयाँ नक्सामा सुस्ता समेट्न आग्रह

परासी । नेपाल सरकारले हाले सार्वजनिक गरेको नेपालको नयाँ नक्सामा सुस्ता क्षेत्रको भू-भागसमेत स्पष्ट तोक्न सुस्तावासीले माग गरेका छन्। कालापानी, लिपुलेक र लिम्पियाधुराका विषयमा कुरा उठाउँदा सुस्ताको विषय पनि सरकारले उठाउनुपर्ने उनीहरूको माग छ।

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), सुस्ता गाउँपालिका-५ सुस्ताको १४ हजार ५०० हेक्टर भारतले अतिक्रमित गरिसकेकाले नयाँ नक्सामा सुस्ताको क्षेत्रफल स्पष्टरूपमा उल्लेख गर्न माग गरिएको हो। सुस्तासहित भारतले अतिक्रमण गरेका भूभागमा सीमाङ्कन गरी जङ्गी पिलर सीमास्तम्भ कायम गर्नुपर्ने सुस्ता बचाउ अभियानका अध्यक्ष गोपाल गुरुङले बताउनुभयो।

करिब १९ हजार ४८० हेक्टर जमिन विवादित भन्दै भारतले सुस्तावासीलाई उपयोग गर्न नदिएको अभियानका अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। बाँकी रहेको सात हजार हेक्टर मात्र अहिले सुस्तावासीले भोगचलन गर्दै आएका छन् । विसं २०६२ देखि २०६४ भित्रमा भारतले सुस्ता क्षेत्रमा अतिक्रमण गरेको थियो। अहिले भोगचलन गर्दै आएको सात हजार हेक्टर जमिनको पनि लालपुर्जा नभएकाले तत्काल नापी नक्सा गरी जग्गाधनी पुर्जा वितरण गर्नुपर्ने अभियानका उपाध्यक्ष आदम खाँले माग गर्नुभयो । विवादित भनिएको १९ हजार ४८० हेक्टर र भारतले अतिक्रमण गरेको भूमिसमेत फिर्ता ल्याउनुपर्ने भन्दै विवादित भनिएको भूमिमा सुस्तावासीले विसं २०६० सम्म जोतभोग गर्दै आएको उहाँले बताउनुभयो।

सुस्तामा विसं २०२२ देखि बसोबास शुरु भएको थियो । विसं २०३४ मा नारायणी नदीमा आएको बाढीका कारण तत्कालीन सुस्ता पञ्चायत (हालको विवादित भनिएको १९ हजार ४८० हेक्टर क्षेत्रफल जमिन) मा रहेका नौ गाउँलाई पक्लिहवा, त्रिवेणीलगायतका स्थानमा स्थानान्तरण गरिएको थियो। रासस

# क्वारेन्टिन व्यवस्थापनमा चुक्यो कर्णाली

सुर्खेत । दैलेखको नारायण नगरपालिकाद्वारा सञ्चालित नारायण क्याम्पसको क्वारेन्टिनमा कोरोना 'पोजेटिभ' ३४ जनासँगै आफूहरूलाई राखिएको भन्दै त्यहाँ रहेका २१८ जनाले सोमबार नाराबाजी गरे । कोरोना पहिचानको नतिजा आएको तीन दिन बितिसक्दासमेत आइसोलेशन वार्डमा नराखिएकामा आक्रोशितहरूले विद्रोह गर्ने चेतावनी दिएपछि बल्ल अलग गराइयो। क्वारेन्टिनमा रहेकाले पुनः परीक्षण गर्नुपर्ने माग राख्दै थिए। स्थानीय प्रशासनले र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) परीक्षण गरेर घर पठायो ।



आरडिटी पोजेटिभ देखिएका चार युवालाई दैलेखको भैरवी गाउँपालिकाले भैँसीगोठमा राखेको तस्वीर सामाजिक सञ्जालमा व्यापक आयो। आइसोलेशनमा राख्नुपर्नेलाई जङ्गल छेउको रुग्ण गोठमा लगेर राख्दा सङ्क्रमितको मनोबल कमजोर हुने भन्दै गाउँपालिकाको सर्वत्र आलोचना भयो । क्वारेन्टिन व्यवस्थापन गर्न नसक्दा भैरवीले पनि आरडिटी परीक्षण गरी घर पठायो । जनस्वास्थ्य विज्ञको भनाइमा आरडिटी विधि भरपर्दो मानिँदैन। तर यहाँ क्वारेन्टिनमा राख्ने झन्झटले स्थानीय तहले आरडिटी परीक्षणकै भरमा 'होम क्वारेन्टिन' बस्ने शर्तमा बिदाइ गर्ने गरेको छ।

> ***क्वारेन्टिनमा रहेकाले पुन: परीक्षण गर्नुपर्ने माग राख्दै थिए। स्थानीय प्रशासनले र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) परीक्षण गरेर घर पठायो । आरडिटी पोजेटिभ देखिएका चार युवालाई दैलेखको भैरवी गाउँपालिकाले भैँसीगोठमा राखेको तस्वीर सामाजिक सञ्जालमा व्यापक आयो। आइसोलेशनमा राख्नुपर्नेलाई जङ्गल छेउको रुग्ण गोठमा लगेर राख्दा सङ्क्रमितको मनोबल कमजोर हुने भन्दै गाउँपालिकाको सर्वत्र आलोचना भयो। क्वारेन्टिन व्यवस्थापन गर्न नसक्दा भैरवीले पनि आरडिटी परीक्षण गरी घर पठायो। जनस्वास्थ्य विज्ञको भनाइमा आरडिटी विधि भरपर्दो मानिँदैन। तर यहाँ क्वारेन्टिनमा राख्ने झन्झटले स्थानीय तहले आरडिटी परीक्षणकै भरमा 'होम क्वारेन्टिन' बस्ने शर्तमा बिदाइ गर्ने गरेको छ।***

जुम्ला सदरमुकाम खलङ्गामै स्थानीय जनप्रतिनिधिले भारतबाट फर्केकालाई क्वारेन्टिनमा राख्न नमान्दा सिधै घरै जान बाध्य भए । कर्णालीका स्थानीय तहले क्वारेन्टिन व्यवस्थापन गर्न नसक्दा यतिबेला कोरोना सङ्क्रमण समुदायस्तरमा फैलिने खतरा देखिएको छ । जुम्लामा दुईजना सुरक्षाकर्मी र सुर्खेतको वीरेन्द्रनगरमा एकजना 'ट्राभल हिस्ट्री' नै नभएकालाई कोरोना पोजेटिभ देखिएपछि सङ्क्रमण समुदायमा फैलिइसकेको पुष्टि भएको छ। प्रदेश अस्पताल सुर्खेतका कोभिड-१९ फोकल पर्सन डा केएन पौडेलले कर्णालीमा पनि कोरोना समुदायमा फैलिएको सङ्केत देखापरेको बताउनुहुन्छ।

क्वारेन्टिनमा नाराबाजी हुनु, एउटै कोठामा धेरैजनालाई राख्नु, खानेपानीका लागि क्वारेन्टिनबाटै आन्दोलन गर्नु कर्णालीका लागि सामान्य ठानिएको छ । यहाँका क्वारेन्टिनबाट दैनिकजसो आउने खबर यस्तै हुन् । क्वारेन्टिनमा आधारभूत सेवा सुविधा नहुँदा त्यहाँ बस्नेहरूले विद्रोह गर्नुपर्ने अवस्था निम्तिएको हो । कर्णाली कोरोना भइरस सङ्क्रमणको केन्द्र नै बनेको दैलेखको नारायण नगरपालिकाका प्रमुख रत्नबहादुर खड्का एकैपटक सयौँको सङ्ख्यामा नागरिक भारतबाट फर्किंदा व्यवस्थापनमा समस्या भएको बताउनुहुन्छ।

"हिजो (मङ्गलबार) मात्रै एक हजार ४०० नागरिक दैलेख हिँडेको सूचना छ, तीनलाई व्यवस्थापन कहाँ र कसरी गर्ने भन्ने समस्या छ", उहाँले भन्नुभयो, "पिसिआर रिपोर्ट ढिला आउँदा झने समस्या भएको छ, स्वाब सङ्कलन गरेको एक हप्तापछि रिपोर्ट आउँछ, त्यसले गर्दा पुनः परीक्षण गर्नुपर्ने अवस्था छ ।" सुर्खेतको सिम्ता गाउँपालिकाले भारतबाट एक हजार २०० नागरिक फर्कने अनुमान गरेको थियो । तर फर्किए दुई हजार । अध्यक्ष कवीन्द्रकुमार केसीले ४२ स्कूल/क्याम्पसका भवनमा व्यवस्थापन गरेको बताउनुभयो । "अलग-अलग राख्ने अवस्था छैन, बरु कोरोना सचेतनाका साथै मनोपरामर्शका माध्यमबाट क्वारेन्टिन बसेकाहरूको मनोबल उच्च बनाउने काम भइरहेको छ", उहाँले भन्नुभयो । प्रदेश राजधानी रहेको वीरेन्द्रनगरले विभिन्न क्याम्पस र स्कूलमा गरी सात स्थानमा क्वारेन्टिन सञ्चालन गरेको छ । वीरेन्द्रनगरका क्वारेन्टिनमा सामाजिक न दूरी कायम गरिएको छ न त खानेपानीलगायत आधारभूत सेवा सुविधा नै उपलब्ध छ। यहाँ भारतबाट आएका २५ जनामा कोरोना पोजेटिभ देखिएको छ।

क्वारेन्टिनमै बसेको अवस्थामा शनिबार दुल्लुका ३५ वर्षीय युवाको मृत्यु भयो । दुल्लु अस्पताल नजिक विद्युत् प्राधिकरणको क्वारेन्टिनमा बसेका उनमा कोरोनासँग मिल्दोजुल्दो लक्षण नदेखिए पनि स्वाब परीक्षणपश्चात् कोरोना पोजेटिभ देखियो । उनी बेहोस भएर ढलेको झण्डै चार घण्टासम्म नजिकै रहेको अस्पतालका स्वास्थ्यकर्मी आउन मानेनन्।

"क्वारेन्टिनमा बस्नेहरूको नियमित आधारभूत स्वास्थ्य जाँच गर्नु त टाढैको कुरा भइहाल्यो बेहोस हुँदासम्म स्वास्थ्यकर्मीआएनन", मृतकका दाजु कृष्णबहादुर थापाले भन्नुभयो, "क्वारेन्टिन नबसेको भए उसको मृत्यु हुने थिएन, उपचारै नपाएर ज्यान गयो।" कतिपय स्थानीय तहले क्वारेन्टिनमा बस्नेहरूलाई मनोपरामर्श दिने काम गरिरहेका छन्। आठबीस नगरका उपप्रमुख दीपा बोहरा क्वारेन्टिन व्यवस्थापन र परीक्षणजत्तिकै उनीहरूका लागि मनोबल उच्च पार्ने परामर्श दिन जरुरी रहेको बताउनुहुन्छ। उहाँका अनुसार २८ विद्यालयमा सञ्चालित क्वारेन्टिनमा दैनिक पुगेर स्वास्थ्यकर्मीले आधारभूत स्वास्थ्य जाँच र परामर्श दिने काम गरिरहेका छन्।

भारत सरकारले जेठ १ गतेदेखि रेल तथा बस सेवा सञ्चालन गरेपछि त्यहाँ रहेका नेपाली घर फर्कने क्रम ह्वात्तै बढेको हो । आन्तरिक मामिला तथा कानून मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार २८ हजार ७५४ कर्णालीवासी भारतबाट भित्रिएका छन् । तीमध्ये ११ हजार १९७ दैलेखका मात्रै छन्। अझै फर्कने क्रम जारी छ । प्रदेश नाकामा स्वास्थ्य जाँच र क्वारेन्टिनको व्यवस्थापन नहुँदा भारतबाट फर्किएका आ-आफ्ना नागरिकलाई सम्बन्धित स्थानीय तहले जिम्मा लिने गरेका छन्। सङ्घीय सरकारले पूर्वाधार र जनशक्तिका हिसाबले क्वारेन्टिन व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको हो । त्यसको समन्वय, सुपरीवेक्षण गर्ने जिम्मा जिल्ला प्रशासन कार्यालयलाई दिएको छ। प्रशासनले पनि उचित समन्वय गर्न नसकेको जनप्रतिनिधिको गुनासो छ। अव्यवस्थित क्वारेन्टिन कोरोना फैलाउने केन्द्र बन्ने सबैमा चिन्ता छ । क्वारेन्टिनमा पिउने पानीसम्म नपाउँदा मानिस भागेर गाउँ जाने अवस्था सिर्जना भएको छ। कोरोना रोकथामका लागि भरपर्दो कदम चाल्न नसक्दा यतिबेला कर्णाली कोरोनाको अर्को 'इपिसेन्टर' बन्ने अवस्थामा पुगेको छ। रासस


प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.२, जनकपुरधाम

**COVID-19 प्रभाव न्यूनीकरण गर्ने राहत तथा व्याजमा अनुदान कार्यक्रमको म्याद थप सम्बन्धि सूचना**

**"कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६"** अनुसार प्रदेश भित्रका कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन तथा बजारीकरणसंग आबद्ध नेपाली कृषक, कृषि उद्यमी, कृषि फार्महरुलाई **लकडाउनका कारण पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उद्धेश्यले** सम्बन्धित जिल्लाबाटै चालु आ.व. २०७६/७७ मा **राहत**/०७६ चैत्र महिना देखी ०७७ आषाढ मसान्त सम्मको **ब्याजमा अनुदान** उपलब्ध गराउने नीति बमोजिम प्रथम पटक मिति २०७७/०२/०८ गते प्रकाशित सूचना बमोजिम १५ (पन्द्र) दिन भित्र प्रस्ताव गर्न आव्हान गरीएकोमा हाल लकडाउनका कारण समय अबधि प्रस्ताव आव्हानका लागी अपुग हुने भएकोले थप ७ (सात) दिन मिति २०७७/०२/२९ गते सम्मलाई म्याद थपिएको सबेमा जानकारीका लागी सूचना आव्हान गरिन्छ।

# कतारमाथि प्रतिबन्धको चौथो वर्ष प्रवेश, गतिरोध अझै जारी

एएफपी

दोहा । खाडी राष्ट्र कतार र साउदी अरेबियाको अग्रसरतामा निर्मित गठबन्धनबीच बनेको तिक्ततापूर्ण शत्रुता यही शुक्रबार चौथो वर्षमा प्रवेश गर्दैछ । यी दुई पक्षबीचको असमझदारी तत्काले टुंगिने कुनै संकेत देखिएको छैन । सन् २०१७ को जुन महिनामा साउदी अरेबियाका मित्रदेशहरू संयुक्त अरब इमिरेट्स (युएई), बहराइन र इजिप्टले कतारसँगको सबै सम्बन्ध एकाएक तोडेका थिए । कतारले कट्टरपन्थी इस्लामिक अभियान र इरानलाई सहयोग गरिरहेको उनीहरूको आरोप थियो, तर कतारले यी आरोपमा सत्यता नभएको भन्दै आजपर्यन्त निरन्तर खण्डन गरिरहेको छ । यसै वर्ष यी असमझदारी हट्ने र पूर्ववत सम्बन्ध कायम हुने संकेतहरू देखिएका भए पनि प्रगति हुन सकेको छैन ।

सन् २०१७ मे २४ मा कतारका शासकको नामबाट राज्य संचालित समाचार एजेन्सीको वेबसाइटमा एउटा वक्तव्य प्रकाशन हुन्छ । यो विज्ञप्तिमा इस्लामिक क्रान्तिलाई कतारको समर्थन रहेको तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गरिएको थियो । उक्त विज्ञप्ति प्रकाशन भएलगत्तै कतारले सो सामग्री गलत भएको र कसैले समाचार संस्थाको साइट ह्याक गरेको जनायो । तर यो विज्ञप्तिलाई आधार बनाएर खाडी क्षेत्रका संचार माध्यमले समाचार सम्प्रेषण गरेका थिए । जुन ५ मा साउदी अरेबिया र यसका गठबन्धन मुलुकहरूले एकाएक कतारसँगका सबै सम्बन्ध तोडेको घोषणा गरे । यस घोषणामा कतारसँगको हवाई, सडक, सोझो सिपिङ र कुटनीतिक सम्बन्ध सबै तोडिएको कुरा उल्लेख थियो । अरु मुलुकले पनि आफ्नै किसिमले कतिपय अवस्थामा सामान्य प्रतिबन्धहरू घोषणा गरे ।



त्यसको एक दिनपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गर्दै आफूले हाले अरब राष्ट्रहरूको भ्रमण गर्दा कतारमाथि औंला उठाएका र कट्टरपन्थी विचारधारालाई समर्थन जनाएका बताउनुभएको थियो । त्यही महिनाको अन्त्यतिर साउदी गठबन्धनले कतारले सुधार गर्नुपर्ने १३ बुँदे विषय सार्वजनिक गरेको थियो । ती बुँदामा अन्य कुराका अतिरिक्त अल-जजिराको दोहास्थित कार्यालय बन्द गर्नुपर्ने तथा टर्कीको सैन्य अखडा बन्द गर्नु पर्ने शर्त राखिएका थिए । उक्त १३ बुँदे मागपत्रमा रियादको मुख्य दुश्मन इरानसँगको सम्बन्ध कतारले तोड्न आग्रह गरिएको थियो । तर कतारले साउदी गठबन्धनका सबै माग अस्वीकार गरिदियो, किनभने कतारको भनाईमा यी मागहरू यथार्थपरक नभएका र कार्यरुपमा परिणत गर्न नसकिने थिए । यस विभाजनले क्षेत्रीय यात्रामा जटिलता उत्पन्न गर्नुका साथै परिवारहरूलाई विच्छिन्न बनाएको छ भने कतारको व्यवसायमा लागत बढाएको छ । दोहा विरुद्धको यस गठबन्धनले आफ्ना मागहरू अरु थप्यो । जुलाई २०१७ मा गठबन्धनले कतारसामू १८ जना शंकास्पद अतिवादी समूह र संस्थाको सूची दियो । यो सूचीमा उल्लिखित व्यक्ति तथा संस्थामाथि कानुनी कारबाही गर्न माग गरिएको थियो । पछि यो सूचीमा नाम थपेर ९० बनाइयो । सन् २०१७ अगष्टमा बिआउटक्यू नामको भूउपग्रहले फुटबल समेतका मुख्य कार्यक्रमहरूको साउदी दर्शकलाई ध्यान दिएर प्रसारण शुरु गरेको थियो ।

कतारस्थित खेलकुद प्रसारक बीइनले साउदीले आफ्ना सामग्री अनधिकृत रुपमा प्रसारण गरेको आरोप लगायो । बीइन र साउदीबीचको यो विवाद अझै पनि कानुनी निरुपणको विषय बनेको छ । सन् २०१८ भर कतार र संयुक्त अरब इमिरेट्सबीच हवाई मार्गको विषयलाई लिएर विवाद भएको थियो । यो विषय अहिले पनि अन्तर्राष्ट्रिय अदालतमा विचाराधीन छ । अर्को वर्ष युएईले एसियाली कप फुटबल प्रतियोगिता आयोजना गर्‍यो । कतार यो खेलमा विजयी भयो, तर खेल मैदान खाली थियो किनभने कतारी फुटबल खेलप्रेमीलाई युएई प्रवेशमा रोक लगाएको थियो । मैदानमा देखिएका एक जना कतारी पोशाक लगाएका बेलायती नागरिकलाई पक्राउ गरिएको थियो ।

राष्ट्रपति ट्रम्पले कतारप्रति केही नरम र लचक रहेको बताउनु भएको थियो । उहाँले कतारका शासक अमिर शेख तमिम बिन हमाद अल-थानीलाई अप्रिल २०१९ मा ह्वाइट हाउसमा आमन्त्रण गर्नु भएको थियो, र त्यस भेटवार्तामा अल-थानीलाई राष्ट्रपति ट्रम्पले "मित्र" भनी सम्बोधन गर्नु भएको थियो ।

अ र ब राष्ट्रहरूमा निकै लोकप्रिय फुटबल खेलले आपसी सदभाव बढाउन केही हदसम्म सफल रहेको थियो । कतारमा आयोजित क्षेत्रीय फुटबल प्रतियोगितामा साउदी अरेबिया, युएई र बहराइन पनि सहभागी भए । सन् २०१९ डिसेम्बर ८ मा सम्पन्न फाइनल खेलमा बहराइन विजयी भयो ।दुई वर्षअघि यस्तै प्रतियोगितामा साउदी अरेबिया, युएई र बहराइनले कतारमा खेल्न अस्वीकार गरेका थिए, र यी देशले कुवेतमा प्रतियोगिता सारेका थिए ।

यही फुटबल खेल भइरहेका बखत कतारका विदेश मन्त्रीले साउदी अरेबियासँगको वार्तामा निकै प्रगति भएको भनाई सार्वजनिक गर्नु भएको थियो । यी दुई मुलुकबीचको सम्बन्धमा सुधार ल्याउन खाडी राष्ट्रहरू कुवेत र ओमानले मध्यस्थता गरेका थिए । तर डिसेम्बर २०१९ मा कतारका अमिरले रियादमा आयोजित खाडी सहयोग परिषदको बैठकमा सहभागी हुन साउदी अरेबियाले गरेको निमन्त्रण अस्वीकार गर्नु भयो । उहाँको साटो तत्कालीन प्रधानमन्त्री अब्दुल्लाह बिन नासेर बिन खलिफा अल-थानी बैठकमा सहभागी हुनुभयो । फेब्रुअरी २०२० मा कतारका विदेश मन्त्रीले साउदी अरेबियासँगको वार्ता एक महिना पहिले नै स्थगन गरिएको जानकारी दिनुभयो, तर उहाँले साउदी अरेबियासँगका असमझदारी हटाउन वार्ता प्रयास जारी रहने बताउनुभयो ।

# भारतको आसाम राज्यमा पहिरोमा परी २० व्यक्तिको मृत्यु

एएफपी

नयाँ दिल्ली । भारतीय उत्तरपूर्वी राज्य आसाम राज्यमा विगत केही दिनदेखि परेको व्यापक वर्षापछि गएको पहिरोमा परी २० जनाको मृत्यु भएको राज्य सरकारका अधिकारीहरूले मङ्गलबार जानकारी गराएका छन् । आसामको चचार, हैलाकाँडी, करिमगञ्जलगायतका जिल्लामा पहिरो गएको छ । प्राप्त सूचनाअनुसार चचारमा सात, हैलाकाँडी सात र करिमगञ्जमा छ जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा एकै परिवारका धेरै सदस्यहरू पनि रहेका बताइएको छ । चचारका जिल्ला विपद् व्यवस्थापन कार्यालयका आयोजना प्रमुख शमिम लश्करले भन्नुभयो, "चारमा मङ्गलबार पहिरो जाँदा सात व्यक्तिको मृत्यु भएको छ भने केही घाइते भएका छन् । चचारमा मृत्यु भएकामध्ये छ जनाको मृत शरीरलाई पहिरोबाट बाहिर निकालिएको छ भने सातौं व्यक्तिको खोजी भइरहेको छ ।"

हैलाकाँडीमा पनि पहिरोमा परी सात व्यक्तिको मृत्यु भएको र पाँच जना घाइते भएको जिल्लाकाा उच्च अधिकारीले पुष्टि गर्नुभएको छ ।

# थर्मल प्लान्टबाट इन्धन चुहिएर साइबेरियाली नदी प्रदूषित

एएफपी



मस्को । रसियाका अधिकारीहरूले एउटा थर्मल प्लान्टबाट २० हजार टन डिजेल चुहिएर साइबेरियाली नदीमा मिसिएको भन्दै आपतकालीन स्थितिको घोषणा गरेका छन् । वातावरणविदहरूले यस संकटको तत्काल समाधानका लागि ठोस पहल गर्न रसियाली अधिकारीहरूसमक्ष आग्रह गरेका छन् ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) ले मंगलबार नदीमा सतहमा रहेको डिजेल रोक्न अस्थायी बाँध बनाइएको भन्दै त्यसको प्रशंसा गरेको छ । यस नदीमा मिसिएको डिजेल तत्काल सफा नगरिए उक्त डिजेल उत्तरी ध्रुव नजिकको नोरिल्स्क शहरसँगैको तालमा मिसिने छ ।

डब्लुडब्लुएफले सार्वजनिक गरेको भूउपग्रहीय तस्वीरमा अम्बारनाया नदीको सतहको ठूलो क्षेत्रमा कालो धब्बा देखिएको छ ।

स्थानीय वासिन्दाहरूले सामाजिक सञ्जालमा प्रदूषित पानीका तस्वीरहरू पोस्ट गरेका छन् । नोरिल्स्कभन्दा पश्चिमतर्फ रहेको थर्मल विद्युत गृहबाट गत साता चुहिएको डिजेल अम्बारनाया नदीमा खसेको थियो ।

रसियाली खानी उत्खनन कम्पनी नोरिल्स्क निकेलको स्वामित्वमा रहेको यस प्लान्टबाट डिजेल चुहिएको जनाएको छ । कम्पनीले प्लान्टको संरचना पुरानो भएको र प्लान्टको संरचना निर्माणमा प्रयोग गरिएका काठ मक्किएर प्लान्टको डिजेल ट्याँकमा क्षति पुगेको जनाएको छ ।

नोरिल्स्क निकेल कम्पनीका प्लान्टबाट विगतमा पनि इन्धन चुहिने समस्या देखिएका थिए । सन् २०१६ मा पनि एउटा स्थानीय प्लान्टबाट नदीमा प्रदूषित वस्तुहरू पुगेका थिए । यस दुर्घटनामा सरकारले कम्पनीमाथि केबल एक हजार डलर जरिवाना गरेको थियो ।

# लुफ्थान्सा एयरलाइन्सको नोक्सानी २ अर्ब डलरभन्दा बढी

एएफपी

फ्रान्कफर्ट । जर्मन एयरलाइन्स कम्पनी लुफ्थान्साले पहिलो चौमासिक अवधिमा दुई अर्ब ३० करोड अमेरिकी डलर (२.१ अर्ब युरो) नोक्सानी भएको बुधबार जनाएको छ । कोरोनाभाइरसबाट सिर्जित विषम परिस्थितिका कारण कम्पनीको पुनः संरचना गर्ने कार्यमा पनि संकट उत्पन्न भएको छ ।




केही महिनादेखि विश्वभर हवाई सेवा ठप्पप्रायः छ । कम्पनीले यही कारण अभूतपूर्व नोक्सानी व्यहोर्न बाध्य हुनुपरेको जनाएको छ । कम्पनीका प्रमुख कार्यकारी कार्स्टन स्पोहरले एक विज्ञप्ति जारी गर्दै मागमा विस्तारै सुधार हुनेक्रममा रहे पनि कम्पनीलाई गतिशील बनाउन पुनः संरचनाका कदम चाल्नुको विकल्प नरहेको बताउनुभयो ।

तथापि सन् २०१९ को यही अवधिमा पनि लुफ्थान्सालाई करिब ३४ करोड २० लाख युरो घाटा लागेको थियो, तर यो समय तुलनात्मक रुपमा कम पर्यटक भ्रमण गर्ने समय हो ।

विमान कम्पनीको निर्देशनात्मक बोर्डले सोमबार जर्मन सरकारबाट ९ अर्ब डलरको ऋण स्वीकार गर्ने प्रस्तावलाई स्वीकृत गरेको छ । समूहले आफ्ना सेयरहोल्डरलाई यो विषय अनुमोदन गर्न जुन २५ मा अनलाइन बैठक गर्दैछ ।

प्रस्तावित सरकारी लगानीको अर्थ हो लुफ्थान्सामा जर्मन सरकारको शेयर २० प्रतिशत हुनेछ । यो शेयरसँगै लुफ्थान्सामा जर्मन सरकारको शेयर रहेको सबैभन्दा ठूलो कम्पनी हुनेछ ।

युरोपेली क्षेत्रका अन्य प्रतिस्पर्धी झैं लुफ्थान्सा समूह पनि कोरोनाभाइरस महामारीबाट सर्वाधिक प्रभावित छ । यस समूहले हाल युरोविङ्स, स्वीस, ब्रसेल्स र अस्ट्रियन एयरलाइन्सको स्वामित्व ग्रहण गरेको छ ।

यस समूहसँग रहेका कूल ७६० वटा बिमानमध्ये ३०० वटा बिमान अर्को वर्षसम्म त्यतिकै थन्किने छन् भने २०० वटा बिमानलाई सन् २०२२ सम्म पार्किङमा राख्नु पर्नेछ । बिमानको संख्या, उडान संख्या र गन्तव्य मुलुकमा उडानको अस्थिरता रहेका कारण यस कम्पनीमा आबद्ध ठूलो संख्याका कर्मचारीको रोजगारी गुम्ने खतरा उत्पन्न भएको छ ।

# विद्यालयस्तरका चिनियाँ केटाकेटीमा धुम्रपान सेवनमा कमी

एएफपी

बेइजिङ । पछिल्लो पाँच वर्षमा चीनमा निम्न माध्यमिक विद्यालयस्तरका विद्यार्थीबीच धुम्रपान गर्ने बानीमा निकै कमी आएको हाले सार्वजनिक गरिएको एक सर्वेक्षण रिपोर्टले देखाएको छ ।

सन् २०१९ मा निम्न माध्यमिक स्तरका विद्यार्थीमा गरिएको सर्वेक्षणमा १२.९ प्रतिशत विद्यार्थीले चुरोट सेवनको अभ्यास गरेका बताएका छन् जुन सन् २०१४ मा गरिएको एक सर्वेक्षणमा भन्दा पाँच प्रतिशतले कमी हो, चिनियाँ राष्ट्रिय रोग नियन्त्रण तथा रोकथाम केन्द्रद्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार यसबाहेक ६९.९ प्रतिशत निम्न माध्यमिकस्तरका विद्यार्थीले आफूहरूले इलेक्ट्रोनिक चुरोटका बारेमा सुनेको तर सेवन भने नगरेको बताएका छन् ।

सन् २०१४ मा इलेक्ट्रिक चुरोटबारे सुनेको बताउने विद्यार्थीको सङ्ख्यामा भने २४.९ प्रतिशतले वृद्धि देखिएको छ । पेकिङ विश्वविद्यालय तेस्रो अस्पतालका स्वास्थ्यविद जियाङ हुईले भन्नुभयो, "किशोरकिशोरीहरूले आफ्नो र आफ्नो परिवारको हितका लागि आफुहरूले स्वस्थ जीवनशैलीको विकल्प रोज्ने गरेकोले आफुहरूले जीवनभर धुम्रपान, सुर्ती र इलेक्ट्रिक-चुरोट सेवनबाट टाढा रहने बताएका छन् ।"

# इटालीले युरोपेली मुलुकका लागि पर्यटन आगमन खुला गर्ने

एएफपी

रोम । इटालीले युरोपेली मुलुकका पर्यटकका लागि बुधबारदेखि आगमन खुला गर्ने भएको छ । कोरोनाभाइरस महामारीका कारण लकडाउन गरेको इटालीले तीन महिना पहिले युरोप सहित विश्वका अन्य मुलुकका नागरिकलाई आगमन निषेध गरेको थियो ।



गर्मी मौसम शुरु भएसँगै इटालीको मुख्य व्यवसाय पर्यटन उद्योगलाई पुनर्जीवित तुल्याउने आशाका साथ इटालीले उक्त कदम चालेको हो । पर्यटकहरूले भेनिस समेत महत्वपूर्ण पर्यटकीय क्षेत्रमा भ्रमण गर्न सक्नेछन् ।

तर ठूलो संख्यामा मानिसको कोरोनाभाइरसका कारण मृत्यु भएको इटाली भ्रमण गर्न पर्यटकलाई त्यति सहज भने हुने छैन । युरोपकै अन्य देश पनि महामारीको चपेटामा परेकाले निर्वाध र निःसंकोच इटाली घुम्न पर्यटकलाई मानसिक तनाब हुने अनुमान गरिएको छ । युरोपमै कोरोनाभाइरसका कारण हटस्पटका रुपमा रहेको इटालीमा शुरुआती दिनहरूमा ठूलो संख्यामा मानिसको मृत्यु हुनुका साथै कोरोना संक्रमितको संख्या ठूलो थियो । हालसम्म इटालीमा ३३ हजारभन्दा बढीको कोरोनाकै कारण मृत्यु भइसकेको छ । कोरोनाभाइरस फैलन नदिने उपायस्वरुप इटालीले मार्च महिनाको शुरुआतदेखि नै लकडाउन जारी गरेको थियो । लकडाउन कडा पारिए पछि मात्र यहाँ कोरोना संक्रमितको संख्यामा कमी आउन थालेको थियो । दोस्रो विश्यवयुद्ध पति पहिलोपटक अर्थतन्त्रमा मन्दीको अनुभव गरेको इटालीको अर्थतन्त्रमा सुधार ल्याउन पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ, र यो जतिसक्दो चाँडो खुला गरिनु आवश्यक छ । तर अझै पनि इटालीमा दैनिक दर्जनौं व्यक्ति कोरोना संक्रमित भेटिएका छन्, खासगरी उत्तरी लोम्बार्डी क्षेत्रमा कोरोना संक्रमित देखिएका छन् । विज्ञहरूले इटालीले यात्रामा खुकुलो पार्न हतार गरिरहेको बताएका छन् । अन्तर्राष्ट्रिय उडानहरू इटालीका मुख्यतः तीनवटा शहरहरू मिलान, रोम र नेपल्समा हुनेछ । तर कार, रेल र पानी जहाजबाट इटाली आउने मानिसहरू जहाँ पनि जान सक्नेछन् ।

स्वीट्जरल्यान्डले आफ्ना नागरिकलाई इटालीको भ्रमण गरेर फर्किए आवश्यक स्वास्थ्य सकर्तता अपनाउन चेतावनी दिएको छ । स्वीट्जरल्यान्डले यही जुन १५ मा इटाली बाहेक जर्मनी, फ्रान्स र अस्ट्रियासँगको सीमा खोल्दैछ ।

अस्ट्रियाले पनि मध्य जुनदेखि इटाली बाहेकका जर्मनी, स्वीट्जरल्यान्ड, चेक गणतन्त्र, स्लोभाकिया र हंगेरीसँगको सीमा खोल्देछ । इटालीमा लकडाउनले आर्थिक क्षेत्रमा सर्वाधिक प्रभाव पारेको अध्ययनहरूले देखाएका छन् । पर्यटन क्षेत्रको योगदान इटालीको अर्थतन्त्रमा १३ प्रतिशतको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) रहेको छ । लकडाउनका कारण इटालीका ऐतिहासिक क्षेत्रहरू, रेस्टुराँ, होटल तथा अरु पर्यटकीय गतिविधिका क्षेत्रहरू बन्द गरिएका थिए ।

> ***गर्मी मौसम शुरु भएसँगै इटालीको मुख्य व्यवसाय पर्यटन उद्योगलाई पुनर्जीवित तुल्याउने आशाका साथ इटालीले उक्त कदम चालेको हो । पर्यटकहरूले भेनिस समेत महत्वपूर्ण पर्यटकीय क्षेत्रमा भ्रमण गर्न सक्नेछन् । तर ठूलो संख्यामा मानिसको कोरोनाभाइरसका कारण मृत्यु भएको इटाली भ्रमण गर्न पर्यटकलाई त्यति सहज भने हुने छैन । युरोपकै अन्य देश पनि महामारीको चपेटामा परेकाले निर्वाध र निःसंकोच इटाली घुम्न पर्यटकलाई मानसिक तनाब हुने अनुमान गरिएको छ ।***

# 'भाइरस र विरोधले अमेरिकामा विद्यमान जातीय विभेदको दुरावस्था देखाउछ'

एएफपी

जेनेभा । संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसको महामारीको असङ्गत प्रभाव र जर्ज फ्लोडको मृत्युलाई लिएर भएको प्रदर्शनले 'स्थानीय असमानता'लाई उजागर गरेको संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्तले मङ्गलबार बताउनुभएको छ । उहाँले यो असमानतालाई सम्बोधन गरिनुपर्नेमा जोड दिनुभएको छ ।




"यो भाइरसले लामो समयदेखि वेवास्था गरिराखिएको 'स्थानीय असमानता'लाई बाहिर ल्याइरहेको छ," संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्त मिसेल बाचलेटद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ ।

उहाँले भन्नुभयो,"संयुक्त राज्य अमेरिकामा जर्ज फ्लोयडको 'मृत्यु'लाई लिएर विरोध भइरहेको छ । यो विरोधले प्रहरीले वर्णका आधारमा गरेको हिंसाको मात्र प्रतिनिधित्व गरिरहेको छैन । स्वास्थ्य, शिक्षा, रोजगारी र स्थानीय जातीय विभेदलाई पनि उजागर गर्दछ । थुनामा रहेके समय अफ्रिकी मुलका अमेरिकी नागरिकको मृत्यु भएपछि अमेरिकामा हिंसा भड्किएको छ । देशभरका विभिन्न शहरमा प्रदर्शन हुन थालेपछि स्थानीय सरकारहरूले करिब ४० शहरमा निषेधाज्ञा जारी गरेका छन् ।

केही दिनदेखि भइरहेका देशव्यापी प्रदर्शनका क्रममा कम्तीमा पाँच जनाको मृत्यु भइसकेको छ भने सयौं घाइते भएका छन् । त्यस्ते प्रदर्शनमा सहभागी हजारौं व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउमध्ये केहीलाई प्रहरीले छोडिदिएको छ ।

# बेलायत र ईयुबीच ब्रेक्जिटबारे चौथो चरणको वार्ता प्रारम्भ

एएफपी

लण्डन । बेलायत र यूरोपेली संघ (ईयू) ले मङ्गलबारदेखि बेलायतको ईयूबाट बहिर्गमनका बिषयमा चौथो चरणको वार्ता सुरू भएको छ । लण्डन र ब्रसेल्सका वार्ताकारहरूले भिडियोमार्फत् गरिने उक्त वार्तालाई यस हप्ता गहन वार्ता गर्ने बताइएको छ ।

गत मे र अप्रिलमा भएको तेस्रो चरणको वार्तले कुनै तार्किक निश्कर्षमा पुग्न सकेको थिएन । वार्ता निष्कर्षमा नपुग्नुलाई लण्डन र ब्रसेल्स दुवै पक्षले एक आपसमा दोषारोपण गरेका थिए । बेलायती टापुको तटमा माछा मार्ने अधिकारको भविष्यमाथि दुवै पक्षका सयौं वार्ताकारहरू सहभागी भै आफ्ना धारणा राख्ने बिषय नै यस चरणको वार्ताको प्रमुख बिषय हुने यूरोपेली सञ्चारमाध्यमहरूले जनाएका छन् ।

चौथो चरणको यो वार्तामा माछा मार्न पाउने अधिकारबारे हुने चार अलग-अलग सत्रमा छलफल हुनेछ भने शुक्रबार छलफलको समीक्षा गर्दै समाप्त हुनेछ ।

लण्डनबाट प्रकाशित हुने द गार्डियन पत्रिकाले आफ्नो मङ्गलबारको अङ्कमा उक्त टापूमा माछा मार्ने बिषयले बेलायतको अर्थतन्त्रको ०.१२ प्रतिशत योगदान गर्ने भन्दै यो बिषय ब्रेक्जिट छलफलमा पेचिलो विषय बन्नसक्ने बताएको छ ।

बेलायतले सन् २०२० को जनवरी ३१ मा ईयूको सदस्यता अन्त्य गरेको थियो । यद्यापि ब्रसेल्सको नियम अनुसार डिसेम्बर ३१ सम्म सङ्क्रमणकालिन नियमहरूको पालना गरिरहने छ । बेलायती प्रधानमन्त्री बोरिस जोनसनले बेलायतले यो वर्षको अन्त्यपछि सङ्क्रमणकालको अवधिलाई विस्तार गर्न नचाहेको र विवादित विषयलाई त्यस अगावै समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ ।

बेलायती प्रधानमन्त्री जोनसनले ईयू नेताहरूसँगको उच्चस्तरीय बैठक गर्नु पहिले यो वार्ता हुन लागेको हो ।

# दक्षिण कोरियामा रेमडेसिभर औषधिको प्रयोगमा अनुमति

एएफपी

सियोल । दक्षिण कोरियाले कोरोनाभाइरसका विरामीको उपचारका लागि एन्टिभाइरल औषधि रेमडेसिभर प्रयोग गर्न अनुमति दिएको छ । यो अनुमति दिएसँगै कोरोनाभाइरसको उपचारका लागि यस औषधिको आयात गर्न सहज भएको छ । संयुक्तराज्य अमेरिकाले अस्पतालहरूमा रेमडेसिभरको आपतकालीन प्रयोगमा अनुमति दिइसकेको छ । त्यसलगत्तै जापानले पनि यो औषधिको प्रयोगलाई अनुमति प्रदान गरेको छ । दक्षिण कोरियामा रेमडेसिभरका सम्बन्धमा भइरहेको अनुसन्धानले बिरामी निको हुने समयमा निकै कमी आएको देखाएको खाद्य तथा औषधि सुरक्षा मन्त्रालयले जनाएको छ । मन्त्रालयले यस औषधिको आयातका लागि अमेरिकी कम्पनी जाइलिडसँग परामर्श गरिरहेको बताएको छ । तर यस औषधिको मूल्य र संख्याका बारेमा केही खुलाइएको छैन ।

दक्षिण कोरियामा कोरोनाभाइरसबाट हालसम्म ११ हजार ५९० जना संक्रमित भएका र २७३ जनाको मृत्यु भएको छ । अहिले पनि करिब ८०० जना बिरामी व्यक्तिहरू अस्पतालहरूमा उपचार गराइरहेका छन् ।

# अर्थतन्त्र चलायमान बनाउन माग

काठमाण्डु । नेपाल निर्माण व्यवसायी महासङ्घसहित निजी क्षेत्रका विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेललाई भेटी अर्थतन्त्रलाई चलायमान बनाउने व्यवस्था मिलाउन माग गरेका छन् ।

कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजकसमेत रहनुभएकाउपप्रधानमन्त्रीपोखरेललाई मङ्गलबार भेटी निजी क्षेत्रले बन्दाबन्दीमा भोग्नुपरेको समस्याका बारेमा जानकारी गराएका थिए । महासङ्घको तर्फबाट अध्यक्ष रवि सिंहले कोरोनाको सङ्क्रमण लामो समयसम्म रहने हुँदा बन्दाबन्दीलाई खुकुलो बनाउँदै उच्च सतर्कता अपनाएर विकास निर्माणका लागि नदीजन्य सामग्री र अन्य निर्माण सामग्री सहजरूपमा उपलब्ध हुनुपर्ने बताउनुभयो ।

स्थानीयलाई रोजगारी दिने, विदेशबाट स्वदेश फर्कने र अन्य क्षेत्रबाट बेरोजगार हुने करिब १५ लाख श्रमिकलाई रोजगारी सिर्जना गर्न जिल्लामा रु पाँच करोडसम्मका निर्माण खुला बनाइ स्थानीयस्तरमा प्रतिस्पर्धा गराउने गरी प्याकेज बनाउनुपर्ने धारणा उहाँले राख्नुभयो । भौतिक पूर्वाधार विकासमार्फत समृद्ध अर्थतन्त्र निर्माण गर्ने बजेटको उद्देश्य प्राप्त गर्न र कोभिड-१९ का कारण गम्भीर असर परेको निर्माण व्यवसायको उत्थानका लागि महासङ्घले सरकारलाई बजेट निर्माण सन्दर्भमा उपलब्ध गराएका सुझावमध्ये बाँकी सम्बोधन हुन नसकेका सुझाव कार्यान्वयनका लागि पनि अध्यक्ष सिंहले अनुरोध गर्नुभएको थियो ।

**'पसल खोल्न देऊ'**

बन्दाबन्दीका कारण व्यापार, व्यवसाय गर्न नपाउँदा भोकै बस्नुपर्ने र सटर भाडा तिर्न नसकिने भएको भन्दै जोरपाटी चोकका व्यवसायीले विरोध प्रदर्शन गरेका छन् । गोकर्णेश्वर नगरपालिका-५ र ६ क्षेत्रमा व्यवसाय गर्ने व्यवसायीले मङ्गलबार विरोधस्वरुप बजार खोलेका हुन् । पसल खोल्न नदिए सटर भाडा सरकारले तिरिदिनुपर्ने जोरपाटी व्यापार सङ्घको माग छ । अरु धेरै व्यवसाय खुला हुँदा पनि कपडा, जुत्ता, मोबाइललगायत केही मात्र बन्द रहेकाले खोल्न बाध्य हुनुपरेको व्यवसायी आत्माराम चौलागाईंले बताउनुभयो । कम मानिस आउने र सामाजिक दूरी कायम गरेरै खोल्न सकिने व्यवसाय बन्द गर्नु नपर्ने माग व्यवसायीको छ ।

जोरपाटी चोक क्षेत्रका करिब ४० अत्यावश्यक सेवाबाहेकका पसल खुलेपछि महानगरीय प्रहरी वृत्त बौद्धले बन्द गर्न अनुरोध गरेको थियो । घरबेटीले भाडा पनि छुट नदिएको, रोगसँग भन्दा भोकले समस्या भएको भन्दै पसल खोलेपछि स्थानीय सरकार, व्यवसायी र प्रशासनका बीचमा वार्ता भएको वृत्तका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले बताउनुभयो ।रासस

# 'सागसब्जी नष्ट गर्न नदिनु, उत्पादन बजारसम्म पुऱ्याउने व्यवस्था मिलाउनु'

काठमाण्डु । पोखरा महानगरपालिका-१५ मा झण्डै चार ट्रकभन्दा बढी तरकारी (सागसब्जी) खाल्डोमा हालेर पुरियो । सागसब्जी पुर्दा प्रहरी तथा स्थानीय जनप्रतिनिधि र सर्वसाधारणको समेत उपस्थिति थियो ।



पोखरा महानगरपालिकाले जेठ ११ गते नै आयातित तरकारीलाई निषेध गर्ने निर्णय गरेकाले पनि तरकारी नष्ट गर्न बल पुगेको देखिन्छ । महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपालीले कोरोना सङ्क्रमणको डरले नष्ट गर्न भन्दै स्थानीयवासीबाट माग आएपछि नष्ट गर्नु परेको प्रष्टिकरण दिनुभएको छ । "स्थानीयवासीबाट ठूलो आक्रोश आयो, तरकारी नष्ट नगरे त्यही समस्या आउने देखिएपछि खाल्डोमा हाल्नु परेको हो", नेपालीले कुराकानीमा भन्नुभयो । त्यहाँ चितवन र धादिङबाट बिक्रीका लागि तरकारी लगिएको थियो ।

कपिलवस्तुबाट गएको तरकारी अर्घाखाँचीमा पनि यसैगरी नष्ट गरिएको थियो । केहीअघि चितवनका दुग्ध किसानले सडकमा दूध पोखेर नष्ट गरेका थिए भने चितवनमा फलेको तरकारीबारी जोतेर नष्ट गरिएको थियो । यस्ता घटना मुलुकका विभिन्न जिल्लामा फाट्टफुट्ट देखिने गरेको छ । कतै ढुवानीमा अवरोध भइरहेको छ । कृषिउपज उत्पादनको बजारीकरणमा प्रहरी, स्थानीय प्रशासन तथा जनप्रतिनिधिले सहयोग गर्नुपर्नेमा त्यसलाई रोक्ने काममा लागेको घटनाक्रमले देखाएको छ ।

त्यसैले गृह मन्त्रालयले आज ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिँदै उत्पादित तरकारी नष्ट गर्न नदिन र उत्पादनलाई बजारसम्म पुऱ्याउने व्यवस्था मिलाउन भनेको छ । "स्थानीय कृषि उत्पादन खान मिल्दैन भनेर ढुवानी रोक्ने र नष्ट गर्ने क्रम देखियो, त्यसलाई रोक्न र बजारसम्म पुऱ्याउनका लागि समन्वय गर्न स्थानीय प्रशासनलाई निर्देशन भएको छ", मन्त्रालयका सूचना अधिकारी उमाकान्त अधिकारीले भन्नुभयो ।

गृहले पठाएको परिपत्रमा किसानलाई निरुत्साहित हुने जस्ता गतिविधि रोकी उत्पादनलाई सहजरूपमा बजारमा पुऱ्याउने व्यवस्थाका लागि आवश्यक समन्वय गर्न भनिएको उहाँले जानकारी दिनुभयो । त्यस्ता गतिविधि गर्नेलाई कारवाहीको दायरामा ल्याउनसमेत भनिएको छ । कृषि उपजलाई उत्पादन भएको क्षेत्रमा रोक्ने, नष्ट गर्ने बारीमै कुहिने अवस्थाले स्थानीय उत्पादनलाई ठूलो असर गर्न सक्छ । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न सबैको भूमिका महत्वपूर्ण हुन्छ ।

पटकपटक जिल्लामा घटना घटेपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा अवरोध आइरहेको सन्दर्भमा त्यसलाई रोक्न मागसहित गृहमा पत्र पठाएको थियो । मन्त्रालयले अन्यत्र जिल्लाबाट ल्याएको कृषि उपजको ढुवानी तथा बिक्री वितरण गर्न नदिई जफत गरी नष्ट गरिएको भन्ने सन्दर्भमा मन्त्रालयले यस्ता कार्यले कृषिउपज खेर जाने मात्र नभई कृषकको मनोबल खस्कने, उत्पादन घट्ने र पुनः आयातकै भर पर्नुपर्ने अवस्था सिर्जना हुन आउनेतर्फ सचेत गराएको छ ।


यस्ता कार्य कहीँ कतैबाट हुन नदिन र कृषकका उत्पादन सहजरूपमा ढुवानी र बिक्री वितरण हुने व्यवस्था मिलाउनसमेत मन्त्रालयले सम्बद्ध सबैमा अनुरोध गरेको छ । उक्त विषयमा नेपाल सरकारले गत वैशाख दोस्रो साता निर्णय गर्दै स्वास्थ्य मापदण्ड अपनाएर कृषिकर्म सञ्चालन गर्ने निर्णय गरिसकेको छ । वैशाख १५ गते नै कृषि मन्त्रालयले विज्ञप्तिमार्फत जमिन बाँझो नराख्न, कृषि कर्मलाई निर्वाधिरूपमा सञ्चालन गर्न, उत्पादित वस्तुको बजारीकरणको काम निर्वाधिरूपमा सञ्चालन गर्न र काम गर्दा सुरक्षात्मक उपाय अपनाउन अनुरोध गरेको थियो ।

आर्थिक समृद्धिका लागि कृषि क्षेत्रको विकास अपरिहार्य भएको सन्दर्भमा किसानका उत्पादनलाई नष्ट गरेर किसानलाई हतोत्साही हुने कार्य गलत भएको भन्दै सामाजिक सञ्जालमा त्यसको व्यापक विरोध भइरहेको छ ।रासस

# विश्व बैंकद्वारा १२ अर्ब ऋण स्वीकृत

काठमाण्डु । विश्व बैंकले कोभिड-१९ सङ्कट, विद्युत् क्षेत्रको सञ्चालन तथा वित्तीय क्षमता सुधारका निम्ति नेपाल सरकारलाई करिब रु १२ अर्ब उपलब्ध गराउने भएको छ ।

बैंकको कार्यकारी बोर्डले विकास नीति ऋणअन्तर्गत बुधबार उक्त रकम नेपाललाई प्रदान गर्ने निर्णय गरेको हो । नेपालको ऊर्जा क्षेत्रबाट प्राप्त हुने आर्थिक विकासका सम्भावनालाई दृष्टिगत गरी बैंकले नीतिगत प्रमुख विषय, नियमन तथा संस्थागत सुधार गर्न ऋण स्वीकृत गरेको वासिङ्टनडिसीस्थित बैंकको प्रधानकार्यालयले जनाएको छ ।




नेपालको अपार जलस्रोतको सर्वाधिक उपयोग गर्दै विद्युत्को क्षेत्रीय बजारमा बृहत् एकीकरण गर्न तथा नेपाल विद्युत् प्राधिकरणको वित्तीय क्षमता सुधार, प्राधिकरणको नियमन दायरा विस्तार, त्यसको स्वायत्तता, पारदर्शिता, जवाफदेहिता एवं पुनःसंरचनामा सघाउन ऋण रकम स्वीकृत गरिएको बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।रासस

# 'अब खेतबारीमात्र होइन कौसी पनि बाँझो राख्नुहुँदैन'

काठमाण्डु । ललितपुर महानगरपालिका भोल्ढोकाकी रोजिता ताम्राकारको दैनिकी बिहान उठ्नासाथ छतमा गएपछि शुरु हुन्छ । देशमा जारी बन्दाबन्दीमा समयको सदुपयोग गर्दै कौसीखेती शुरु गर्नुभएकी उहाँलाई आफूले रोपेको तरकारीको चिन्ता हुन्छ र बिहान उठ्नेबित्तिकै छतमा पुनुहुन्छ । उहाँको वरपरका चार पाँच घर छिमेकीले पनि उहाँले जस्तै कौसीमा तरकारीखेती गरेका छन् । उनीहरू पनि बिहानदेखि साँझसम्म पटक पटक कौसीमै देखिन्छन् । यी छिमेकीलाई यतिखेर बन्दाबन्दीले दिक्दार लागेको छैन । उनीहरू बन्दाबन्दीको विषयमा होइन कि आ-आफ्नो घरको छतबाटै कसको कुन तरकारी कत्रो र कस्तो भयो भन्ने बारेमा कुराकानी गर्छन् । ताम्राकारले भन्नुभयो, "अहिले यो टोलमै सबैको दैनिकी र आपसमा हुने कुराकानीको विषय पनि फेरिएको छ, हामीले अहिले आफ्नै कौसी खेतीको बारेमा कुरा गर्ने गरेका छौं ।"

ग्रामीण क्षेत्रमा खेतबारी बाँझो राख्नु हुँदैन भनेझैं अहिले शहरी क्षेत्रमा कौसी पनि बाँझो राख्नु हुँदैन भन्ने धारणाको विकास भइरहेको देखिएको छ । हुनत यहाँका मानिसले कौसीमा फलफूल तथा तरकारीखेती पहिल्यैदेखि गर्दै आएका थिए । तर कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सरकारले दुई महिना पहिलेदेखि जारी राखेको बन्दाबन्दीले गर्दा काठमाण्डु उपत्यकामा कौसीखेती झन मौलाएको छ । घरको छतमा तरकारी फलाउन सकिन्छ भन्ने बुझे पनि सामान्य अवस्थामा व्यस्तताका कारण शुरु गर्न नसकेका नागरिक अहिले फुर्सदको समयको उपयोग गरिरहेका छन् । नेपाल सरकारको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले हालै कौसी खेतीलाई प्रोत्साहन गरिने बताएपछि उनीहरूमा भन्नै प्रोत्साहन मिलेको देखिएको छ । काठमाडौं उपत्यकाका स्थानीय सरकारले पनि कौसीखेतीलाई प्रोत्साहित गर्ने कार्यक्रम शुरु गरेका छन् ।

कामको सिलसिलामा १२ घण्टाभन्दा बढी समय घर बाहिर बिताउने ताम्राकारले फुर्सदको उपयोग गर्दै कौसीखेती शुरु गर्नुभएको छ । आफू सानो छँदा आमाबुबाले घरसँगैको जग्गामा तरकारी रोपेको मात्र देख्नुभएको उहाँसँग यसअघि तरकारीखेतीको अनुभव भने छैन । उहाँहरू त्यहाँबाट अर्को ठाउँमा सरेपछि आमाबुबाले पनि तरकारी रोप्न छोड्नुभएको छ । उहाँले भन्नुभयो, "आफैंले तरकारी फलाएर खानु मेरो लागि जीवनकै पहिलो र नयाँ अनुभव भएको छ ।"

एउटा निजी कम्पनीमा कार्यरत ताम्राकारको बन्दाबन्दीको पहिलो साता कुनै कामविहीनरूपमा नै यसै बित्यो । त्यसपछिका दिनहरूमा बन्दाबन्दी लम्बिरहँदा कौसीखेती गर्न थालेको उहाँले बताउनुभयो । उहाँले अहिले आफ्नो घरको छतमा लसुन, प्याज, सागलगायतका तरकारी रोप्नुभएको छ । बन्दाबन्दीपछि रोपेकोमध्ये कतिपय तरकारी खाने समय भइसकेको र केही तरकारी केही दिनपछि खान सकिने उहाँले बताउनुभयो । उहाँलाई कौसीखेतीप्रति पहिलेदेखि नै चाह थियो । बिहान ६ बजे घरबाट निस्केपछि कार्यालय सकेर साँझ ८ बजे आउने हुँदा यसका लागि समय मिलाउन सक्नुभएको थिएन । अहिले आवश्यक सामग्री, बीउ र मल घरमै मगाएर आफूलाई इच्छा लागेका तरकारी रोपिरहनुभएको छ । उहाँ कतिपय पुराना अनुभव आमाबुबासँग सिक्नुहुन्छ भने नयाँ सीप र तरिकाबारे युट्युब र गुगलबाट लिनुहुन्छ । उहाँले भन्नुभयो, "कति पुराना र कतिपय नयाँ सीप तथा तरिकाहरू गरेर तरकारी रोप्ने, गोडमेल गर्ने आदि गरिरहेको छु मलाई लाग्छ यस कार्यमा म सफल भइरहेको छु ।"रासस

> ***ग्रामीण क्षेत्रमा खेतबारी बाँझो राख्नु हुँदैन भनेझैं अहिले शहरी क्षेत्रमा कौसी पनि बाँझो राख्नु हुँदैन भन्ने धारणाको विकास भइरहेको देखिएको छ । हुनत यहाँका मानिसले कौसीमा फलफूल तथा तरकारीखेती पहिल्यैदेखि गर्दै आएका थिए । तर कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सरकारले दुई महिना पहिलेदेखि जारी राखेको बन्दाबन्दीले गर्दा काठमाण्डु उपत्यकामा कौसीखेती झन मौलाएको छ । घरको छतमा तरकारी फलाउन सकिन्छ भन्ने बुझे पनि सामान्य अवस्थामा व्यस्तताका कारण शुरु गर्न नसकेका नागरिक अहिले फुर्सदको समयको उपयोग गरिरहेका छन् ।***

# प्रमुख श्रम गन्तव्यका लागि काउन्सेलर र सहचारी सिफारिस

काठमाण्डु । सरकारले ठूलो सङ्ख्यामा नेपाली कार्यरत खाडीका मुलुक, मलेशिया तथा दक्षिण कोरियाका लागि काउन्सेलर (श्रम) र श्रम सहचारी सिफारिस गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्षिण कोरियाको काउन्सेलरमा रमा भट्टराई (निरौला), कतारका लागि कृष्णप्रसाद खनाल र मलेशियाका लागि दीपक ढकाललाई काउन्सेलरमा सिफारिस गरेको हो । भट्टराई सामाजिक सुरक्षा कोष, खनाल वैदेशिक रोजगार विभाग र ढकाल मन्त्रालयमा उपसचिवका रूपमा कार्यरत हुनुहुन्छ ।

यस्तै संयुक्त अरब इमिरेट्स (युएइ) श्रम सहचारीमा प्रमिला केसी, ओमानका लागि दिनेश ढकाल, मलेशियाका लागि प्रकाश पन्थी, कुवेतका लागि विपना ज्ञवाली र साउदी अरेबियाका लागि प्रेमप्रसाद उपाध्याय छनोट भएको मन्त्रालयका उपसचिव देवेन्द्र कार्कीले जानकारी दिनुभयो । श्रम सहचारीमा सिफारिस भएका सबै मन्त्रालय र मातहतका निकायका शाखा अधिकृत हुनुहुन्छ ।

सिफारिस गरिएका काउन्सेलर र सहचारी परराष्ट्र मन्त्रालय हुँदै सम्बन्धित मुलुकमा रहेको नेपाली नियोगमा जानेछन् । उनीहरूले नेपाली श्रमिकका समस्या समाधानका लागि नेपाल सरकारको प्रतिनिधित्व गर्दै सम्बन्धित मुलुकसँग संवाद गर्नेछन् । काउन्सेलर र सहचारीको दरबन्दी श्रम मन्त्रालयमै हुनेछ भने काम कारवाही परराष्ट्र मन्त्रालयमार्फत गर्नुपर्नेछ । उनीहरूले प्रत्येक महिना श्रम मन्त्रालयमा मासिक प्रगति विवरण पठाउनु पर्नेछ । झण्डै दुई वर्षअघि काउन्सेलर र सहचारी छनोटको प्रक्रिया शुरु भए पनि सिफारिस हुनसकेको थिएन ।

काउन्सेलर र सहचारी छनोटलाई पारदर्शी र व्यवस्थित बनाउन मन्त्रालयले नयाँ मापदण्ड बनाउने तयारी थालेपछि तत्कालीन अवस्थामा सिफारिस हुनसकेको थिएन । श्रम मन्त्रालयले श्रम काउन्सेलर र सहचारी छनोटका लागि २०७४ माघ २५ मा सूचना प्रकाशित गरेको थियो । पुरानो प्रक्रियालाई निरन्तरता दिन मन्त्रालयले गत मङ्सिर २६ गते अन्तर्वार्ताका लागि पुनः सूचना प्रकाशित गरेको थियो । लामो समयसम्म श्रम काउन्सेलर र सहचारी नियुक्त हुन नसक्दा अप्ठ्यारोमा परेका नेपाली कामदारको उद्धार तथा सहजीकरणमा गर्न समस्या हुँदै आएको थियो ।रासस

# बन्दाबन्दी, कृत्रिम अभाव र मूल्य वृद्धि

काठमाण्डु । बन्दाबन्दी जारी रहँदा बजारमा चामल, दाल, मैदा, तेललगायत खाद्य सामग्रीको भाउ बढेको छ ।

खाद्यान्नको कृत्रिम अभाव सिर्जना गरी बजारमा दाल, चामलदेखि अधिकांश दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएको उपभोक्ताको गुनासो छ । मूल्यवृद्धि हुँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारण उपभोक्तामाथि परेको छ ।



कतिपय बिक्रेताले बन्दाबन्दीलाई पैसा कमाउने अवसरका रूपमा प्रयोग गर्दा बजारमा समस्या देखिन थालेको हो । बजारमा खाद्यान्नको भाउ बढ्नुका कारण खुद्रा व्यापारीले थोक आयातकर्तालाई देखाउने गरेका छन् भने थोक आयातकर्ताले उद्योगबाट आउँदै भाउ बढेको बताएका छन् । कतिपय व्यापारीले सामान नै नआएको भन्दै अरु समयमा बेच्न नसकेको सामान बेचिरहेको पाइन्छ ।

ललितपुर इमाडोलकी रमिता विष्ट बजारमा सामान किन्न जाँदा आफूले भनेजस्तो नपाउने र पाइएको ठाउँमा पनि बढी भाउ लिने गरेको बताउनुभयो । खासगरी चाउचाउ, बिस्कुटलगायतका खाद्यान्न र साबुन, सरफ खरिद गर्दा यो समस्या आइरहेको छ । गत साता आफूले खोजेको कम्पनीको चाउचाउ नपाएकाले आफूले अर्को कम्पनीको किनेको उहाँले बताउनुभयो । मङ्गलबार भने उहाँले धेरै पसल चाहारेर मूल्य रु १५ पर्ने चाउचाउ रु २० तिरेर किन्नुभयो । दुई महिना पहिले रु एक हजार ६०० मा किनेको चामल अहिले एक हजार ८०० मा किनेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "के गर्नु दाल, चामल महँगो नै भए पनि किनेर खानैपऱ्यो ।"

बन्दाबन्दी जारी रहँदा तरकारीको मूल्य घटे पनि खाद्यान्न र फलफूलको मूल्य ह्वात्तै बढेको उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताउनुभयो । तरकारीको मूल्य बन्दाबन्दीको शुरुको साताभन्दा ह्वात्तै घटे पनि अझै किसानले पाउने मूल्य र उपभोक्ताले किन्नेमा धेरै फरक रहेको उहाँले बताउनुभयो । किसानले १०/१५ मा बेचेको तरकारी उपभोक्तालाई बजारमा अहिले पनि रु ४०/५० सम्ममा किन्नु परेको छ । स्याउ, अनारलगायतका फलफूलको मूल्य बढिरहेको छ । बन्दाबन्दीलाई बिचौलियाले कमाउने अवसरका रूपमा लिइरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यस्तो समयमा सरकारले बजारको प्रभावकारी अनुगमन गरेर कारवाही गर्नुपर्छ ।"

बन्दाबन्दीको समयमा आमउपभोक्ताले वस्तु छनोट गर्ने अधिकारबाट वञ्चित हुनु परिरहेको अध्यक्ष तिमल्सिनाले बताउनुभयो । किराना पसलले उपभोक्ताले बढी खोज्ने सामान अहिले नआएको भन्दै महिनौं थन्किएको सामान बेचिरहेका छन् । यो समयमा ब्राण्ड नै नभएको सामान र म्याद नाघेको सामान रिप्याकिङ गरेर बिक्री हुनसक्ने उहाँले बताउनुभयो । बिक्रेता र उत्पादक दुवैको मिलेमतोमा अहिले कमसल सामग्रीको बिक्री हुनसक्ने सम्भावना रहेको छ । स्थानीय सरकारले खाद्यान्न पसल खोल्नका लागि थोरै समय तोकेकाले पनि बजारमा भीडभाड भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय पालिकाले दिनमा एक दुई घण्टाका लागि मात्रै बजार खोल्दा भीडभाड बढेको, यसले गर्दा सङ्क्रमण फैलने जोखिम छ ।"

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भने नियमितरूपमा अनुगमन गरेर गल्ती भेटिएमा कारवाही भइरहेको जनाएको छ । विभागले उपभोक्तालाई गुनासो गर्नका लागि ११३५ नंको व्यवस्था गरेको छ । यो नम्वरमा खाद्यान्नमा मूल्यवृद्धिका गुनासो आइरहेको र त्यसकै आधारमा अनुगमन र कारवाही भइरहेकोविभागकासूचनाअधिकारी रवीन्द्र अधिकारीले बताउनुभयो । बिक्रेतामार्फत होलसेलसम्म पुगेर अनुगमन गरिएको उहाँले बताउनुभयो । बन्दाबन्दीको शुरुमा ६ महिनालाई पुग्ने खाद्यान्न छ भन्ने बिक्रेता अहिले दुई महिना नाघ्दा पहिलेको स्टक सकिएको र नयाँ सामानमा मूल्य बढेर आएको भनिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "त्यसैले हामीले बिक्रेतासँगै आपूर्तिकर्तालाई पनि कारवाहीको दायरामा ल्याइरहेका छौं ।"

खाद्यान्नलगायत अत्यावश्यक सामग्रीका पसल कुन कुन समयमा खोल्न दिने भनी नगरपालिकाहरूले फरक फरक समय तोकेका छन् । स्थानीय तहले त्यहाँको आवश्यकताअनुसार समय तय गरे पनि कतिपय उपभोक्ता र बिक्रेताको गुनासो विभागमा आइरहेको छ । भाटभटेनीलगायत सुपरमार्केटलाई लामो समय र अरुलाई किन कम समय भन्ने किसिमका गुनासो आउने गरेको निर्देशक अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले यस किसिमका गुनासोहरू प्रशासन र स्थानीय तहसँग मिलेर सम्बोधन गरिरहेका छौं ।"

विभागको ११३५ नम्वरमा बन्दाबन्दीको अवधिमा अहिलेसम्म एक हजार ५५ गुनासो आएको छ । तीमध्ये १६८ स्थानमा कारवाही गरिसकेको छ । चालू आवमा अहिलेसम्म एक हजार ७६५ जनालाई कारवाही भएको बताइएको छ । रासस


**Province Government**

**Office of the Chief Minister and Council of Ministers**

**Province No. 2, Janakpurdham, Dhanusha**

**Notice of Intention to Award the contract**

**Published date: 4 June, 2020**

This is to notify all the concerned that, it is our intention to award the contract to the following bidders selected as substantially responsive lowest evaluated bids with respect to the following contract Id nos. and works.

This notice is being published for the provision of clause 27(2) of Public procurement Act, 2063 of Nepal.

| S.n | Contract Id no. | Description | Selected bidder`s name and address | Evaluated bid price including VAT &PS (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | OCMCMS2/NCB/WORKS/2076/77/-09 | Supply, Delivery, Erection and Installation of Tower lights(High Mast Pole with Lights) at 8 districts of province no.2 | M/s Om Satyasai Pvt.Ltd,Birgunj-21,Parsa, Nepal | 2,69,28,800.00 | |

# बोदे बर्साइन क्वारेन्टाइनमा बसेकाले गरे सडक अवरुद्ध



टुडे समाचारदाता

राजविराज । सप्तरीको बोदे बर्साइन नगरपालिकाको एक क्वारेन्टाइनमा बसेकाहरुले बुधबार क्वारेन्टाइन अगाडिको हुलाकी सडक खण्ड अवरुद्ध गरेका छन् ।

वडा नम्बर ५ स्थित चन्द्र माविको क्वारेन्टाइनमा रहेका व्यक्तिले यहाँ लामो समयदेखि थुनेर राखेको र हालसम्म स्वाब संकलन समेत नगरेको बताएका छन् ।

भारतबाट आएर दुई साताअघि क्वारेन्टिनमा बस्दै आएका प्रकाश मण्डलले हालसम्म स्वाब संकलन समेत नगरिएको बताए । उनले आफूजस्तै धेरै व्यक्तिको स्वाब समेत संकलन हुन नसकेको बताए ।

उक्त क्वारेन्टाइनमा भारतबाट आएका १ सय ७ जनालाई राखिएको छ । यसमध्ये ९२ जना दुई साताभन्दा बढी समयदेखि बस्दै आएको क्वारेन्टिन इन्चार्ज ऐयुब राइनले जानकारी दिए । १ सय ७ जनामध्ये २ जनाको मात्रै स्वाब संकलन भएको उनको भनाई छ ।

# प्रदेश २ मा २४ घण्टामा ४४ संक्रमित थप

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ मा पछिल्लो २४ घण्टाभित्र ४४ जना कोरोना संक्रमित थपिएका छन् । थपिने संक्रमितमा ४१ पुरुष र ३ जना महिला छन् ।

सप्तरी र धनुषामा १/१ जना, महोत्तरीमा ९ जना, सर्लाहीमा १५ जना, रौतहटमा ११ जना र पर्सा जिल्लामा ७ जना संक्रमित थपिएका छन् ।

सप्तरीको तिरहुत गाउँपालिकाका १ जना ४० बर्षीय पुरुष संक्रमित देखिएका छन् । धनुषाको जनकपुरधाम उप महानगरपालिकाका ३८ बर्षका १ जना पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ ।

महोत्तरीको मटिहानी नगरपालिका वडा नम्वर ५ स्थित लक्ष्मी नारायण याज्ञवलक्य सँस्कृत क्याम्पसको क्वारेन्टाईनमा रहेकी ४० बर्षिय महिला, १५ बर्षिय किशोर सहित १८ देखि ४० बर्ष उमेर समुहका ८ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ ।

सर्लाहीको ब्रम्हपुरी गाउँपालिकास्थित रामबिलास प्राथमिक विद्यालयको क्वारेन्टाईनमा रहेका १७ बर्षिय किशोरलाई कोरोना संक्रमणको पुष्टि भएको छ । सर्लाही जिल्लाके धनकोल गाउँपालिकास्थित प्राथमिक विद्यालय बैरियाको क्वारेन्टाईनमा रहेका १६ बर्षिय किशोर सहित १८ देखि ४० बर्ष उमेर समुहका ९ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ । धनकौल गाउँपालिकाके धोबिनिया निम्न माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेकी ११ बर्षिय वालिकामा समेत कोरोना संक्रमणको पुष्टि भएको छ । धनकौल गाउँपालिकाके जनता माध्यमिक विद्यालयको क्वारेन्टाईनमा बस्दै आएका १८ देखि ४० बर्ष उमेर समुहका ४ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ ।



रौतहटको इशनाथ नगरपालिकास्थित क्वारेन्टाईनमा रहेकी २२ बर्षिय पुरुष र सोही जिल्लाको परोहा नगरपालिको स्थानीय क्वारेन्टाईनमा रहेका २२ बर्षिय पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको छ । रौतहट जिल्लाके कठहरिया नगरपालिका वडा नम्वर ५ स्थित श्री जनता माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका ५० बर्षिय पुरुष सहित १८ देखि ४० बर्ष उमेर समुहका ९ जना पुरुषहरुमा कोरोना संक्रमित देखिएका छन् ।

पर्साको बिन्ध्यबासिनी गाउँपालिका ३ स्थित रामप्रित माध्यमिक विद्यालय झौंवाको क्वारेन्टाईनमा रहेका ३४ बर्षिय पुरुष कोराना संक्रमित देखिएका छन् । कालिकामाई गाउँपालिका वडा नम्वर ३ हरिहरपुर स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको क्वारेन्टाइनमा रहेका १७ र ४९ बर्षिय पुरुष सहित ४० देखि ७० बर्ष उमेर समुहका ४ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ । सखुवा पर्सौनी गाउँपालिका वडा नम्वर ४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका २५ र ४९ बर्षिय पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको छ ।

संक्रमित देखिएका उनीहरु सबै भारतबाट आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । योसँगै प्रदेश २ मा कोरोना संक्रमितको संख्या ८ सय ५९ पुगेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उपचार पछि १०५ जना निको भई घर फर्किसकेका छन् ।

# जनकपुर बजार खुलाउन प्रजिअलाई ज्ञापन

टुडे समाचारदाता

जनकपुरधामर । जनकपुरधाम उद्योग वाणिज्य संघले लामो समयदेखि बन्द रहेको जनकपुर बजार खोल्ने व्यवस्था मिलाइदिनको लागि बुधबार धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलालाई ज्ञापनपत्र बुझाएका छन् ।

कोरोना भाइरसको संक्रमण हुन सक्ने अतिसंवेदनशिल सिनेमाहॉल, होटल, पार्टी प्यालेस, जिमखाना हाललाई बन्द राखेर कलकारखाना, उद्योग लगायतको व्यवसाय खोल्ने व्यवस्था मिलाइदिनको लागि जउवा संघले ज्ञापनपत्रमार्फत आग्रह गरेको हो ।

बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म बजार खोल्ने व्यवस्था मिलाउनको लागि जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष ललित कुमार साह र महासचिव जीतेन्द्र महासेठद्धारा संयुक्त हस्ताक्षरित ज्ञापन पत्रमा आग्रह गरिएको छ ।

कोरोना भाइरसको संक्रमण न्युनिकरण गर्न सरकारले लागू गरेको लकडाउनको कारण गएको चैत ११ गतेदेखि जनकपुर बजार बन्द रहेको छ ।

करिब अढाई महिनादेखि बन्द रहेको बजारले व्यापारीलाई ठूलो क्षति भएको अवगत गराउँदै जनकपुर उद्योग वाणिज्य संघले मापदण्ड तोकेर क्रमिक रुपमा बजार खोल्ने व्यवस्था मिलाइदिनको लागि प्रमुख जिल्ला अधिकारी निरौलालाई आग्रह गरेको जनकपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष जीतेन्द्र प्रसाद साहले बताए ।

व्यापारीहरुले विभिन्न ९ सूत्रीय माग राखेर बुधबार जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

व्यापारी अगुवाहरुले कर बुझाउनको लागि तोकिएको समयसीमाप्रति ध्यानाकर्षण गराएका छन् । सरकारले आउँदो जेठ २५ गतेभित्र कर चुक्ता नगरे जरिवाना लाग्ने सूचना जारी गरेपछि व्यापारीहरु थप त्रसित बनेका छन् । जनकपुर उद्योग वाणिज्य संघले छुट्टै ज्ञापनपत्र बुझाउँदै यस्तो संकटको बेला सरकारले गरेको निर्णयले व्यापारीहरु निराश बनेको बताएका छन् ।

# जलाउन लागेको शव नियन्त्रणमा

दिपु मिश्र

चन्द्रपुर । रौतहटको चन्द्रपुर नगरपालिका-१० बाल्चनपुरस्थित घाघी खोलामा दाह संस्कार गर्न लागेको महिलाको शव प्रहरीले नियन्त्रणमा लिएको छ ।

बुधबार शंकास्पद अबस्थामा मृत्यु भई जलाउन लागेको अवस्थामा प्रहरीले २६ बर्षिय सिमा कुमारीको शव नियन्त्रणमा लिएको हो ।

मृतक महिलाका श्रीमान मुकेश पंडितलाई प्रहरीले नियन्त्रणमा लिएको र घटनाका बारेमा थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी हेम बहादुर शाहीले जानकारी दिए ।

मृतकका आफन्तले शंकास्पद मृत्यु भएको सूचना दिएपछि प्रहरीलले जलाउन लागेको शव नियन्त्रणमा लिएर चन्द्रनिगाहपुर स्थित सरकारी अस्पतालको शवगृहमा पठाएको डिएसपी शाहीले बताए । मृतकको घाँटिमा निलडाम देखा परेको प्रहरीले बताए । घटनालाई सामसुम पार्न शव दाह संस्कार गर्न खाजेको भन्दै मृतकको आफन्तले फोनमार्फत प्रहरीलाई जानकारी गराएका थिए ।

पंडित परिवारका अन्य सदस्यहरु समेत फरार रहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

# संक्रमणबाट जोगिन कोरोना पुजा

मुकेश कुमार यादव

लहान । विश्वभरि फैलिएको कोरोना भाईरसको प्रकोप कम गर्न सिरहाको विभिन्न नदी तलाउमा महिलाहरुले पुजाअर्चना गरेका छन् ।

विश्वभरी कोरोना भाइरस महामारीको रुप लिएपछि महिलाहरुले नजिकको नदी तलाउ तथा हलोले नजातेको वा कोदालोले नखनेको ठाउँमा गई कोरोना माईको विदाई गर्न भगवती देवी पुजा गरेका छन् । दलित तथा असाक्षर महिलाहरुले पुजामा भाग लिएको पत्रकार महासंघका केन्द्रिय सदस्य देव कुमार यादवले बताए ।

पुजामा ९ ओटा नड, ९ ओटा फुल, ९ ओटा लड्डु, ९ ओटा सुपारी, ९ओटा चन्दनको टिक लगाई महिलाहरुले कोरोना भाईरस समाप्तिको लागि धुपदीप बालेर प्रार्थना गरेका छन् ।



कोरोना भगाउनको लागि पुजा गरेको गोल बजारकी रानि सदायले बताइन् । कोरोना माईको पुजा गरेपछि पुजा समगृह माटो मुनि गरेको थियो । सिरहाको कमला नदिमा पुजा गरीरहेको एक महिलाले जव सम्म कोरोना भाईरस हराउदैन तव सम्म प्रत्येक सप्ताह आफ्नो सन्तान,परिवारको लागि पुजा गरिरहने बताइन् ।

# अवैध उत्खनन् गर्ने ठेकेदार कम्पनीलाई कारबाही

रञ्जन यादव

जीतपुर । बाराको निजगढ नगरपालिका र कोल्हबी नगरपालिकामा पर्ने लाल बकैया खोलामा अवैध रुपमा उत्खनन् गर्ने ठेकेदार कम्पनीलाई बुधबार कारबाही गरिएको छ । मापदण्ड बिपरित नदीजन्य समाग्रीहरु उत्खन्न गरेको पाईएपछि ठेकेदार कम्पनीहरुलाई कार्बाही गरिएको हो । कार्बाहीमा पर्नेमा निगढ नगरपालिले खोलाको ठेक्का जिम्मा दिईएका मुंदिपा ट्रेडिङ प्रालि र कोल्हबी नगरपालिकाले ठेक्का दिईएका मंकेश्वर निर्माण सेवा रहेको छ ।

मुंदिपा ट्रेडिङ प्रा .लि .लाई ३ लाख रुपैया र मंकेश्वर निर्माण सेवालाई एक लाख रुपैयाँ जरिवाना गरिएको बाराका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले जानकारी दिए । जिल्ला समन्वय समितिका प्रमुख नवलकिशोर सिँहको संयोजकत्वमा लाल बकैया खोलामा गरिएको अनुगमनको क्रममा मापदण्ड बिपरित उत्खनन् गरिरहेका ९ वटा स्काभेटर र २ सय वटा ढुवानीको साधन नियन्त्रणमा लिएको थियो ।

अनुगमन समितीमा बाराको प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डित ,जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरिक्षक कृष्ण प्रसाद पंगेनी , सशस्त्र प्रहरी बल बाराका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक दिग्बिजय सुबेदी , डिभिजन बन कार्यालय बाराका प्रमुख मञ्जुर अहमद लगायतको सहभागिता रहेको थियो ।



ठेकेदार कम्पनीले गिटी ,बालुवा र ढुङ्गा उत्खन्न गरिरहेको ठाउँमा नगरपालिकाले आफ्नो प्रतिनिधि राख्नुपर्ने नियम भएपनि कुनै प्रतिनिधि नराखेको सशस्त्र प्रहरी उपरिक्षक सुबेदीले जानकारी दिए । तीन दिन अगाडि जीतपुर सिमरा उपमहानगरपालिका अन्तर्गत रहेका खोलाहरुको गरिएको अनुगमनमा ठेक्का सकारेका तीनवटा ठेक्दार कम्पनीहरुलाई जनही एक/एक लाख जरिवाना गरिएको थियो ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# दुई पक्षबीच झडप, १५ जना घाइते

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका-७ हाटीगाउँमा जग्गाको विषयलाई लिएर आज दुई पक्षबीच भएको झडपमा १५ जना घाइते भएका छन् ।

झडपले उग्ररुप लिएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले आठ राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताउनुभयो । नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट स्थिति नियन्त्रण हुन नसकेपछि नेपाली सेना घटनास्थल पुगेको छ ।



स्थानीयवासी एंव जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले गणेशी मण्डलको जग्गाको पिलर उखेलेपछि पाँच दिनअघि भएको झगडाले आज उग्ररुप लिँदा १५ जना घाइते भएका हुन् । घाइते हुनेमा इद्रिस मन्सुरी, मो उस्मान, ताहिर मन्सुरी, मो मुख्तार, मनीर मन्सुरी, महबुद मन्सुरी, वीरेन्द्रप्रसाद यादव, सीताराम दास, सजन साहलगायतका छन् । दुवै पक्षले एकअर्कामाथि लाठी, ढुङ्गा र घरेलु हतियारले आक्रमण गरेको बताइएको छ । घाइते सबैलाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएको छ ।रासस

# महिलाको शंकास्पद मृत्यु

टुडे समाचारदाता

राजविराज । सप्तरीमा एक जना महिलाको शंकास्पद मृत्यु भएको छ । आफ्नै शरीरमा मट्टी तेल छर्केर आगो लगाइएकी महिलाको मृत्यु भएको छ ।

बोदे बर्साइन नगरपालिका ५ जाँजर निवासी रमेश यादवकी ४० बर्षीया पत्नी पिंकीको आगो लागेर ज्यान गएको छ । पिंकीले मंगलबार राति आफ्नो शरीरमा मट्टी तेल छर्केर आगो लगाएको प्रहरीले जनाएको छ ।

आगो लागेपछि सिकिस्त भएकी उनलाई उपचारका लागि धरानतर्फ लग्ने क्रममा बाटोमै मृत्यु भएको सप्तरीका प्रहरी प्रवक्ता एवं डिएसपी तिलक भारतीले जानकारी दिए । आफ्नो शरीरमा आगो लगाएको सम्बन्धमा खुल्न नसकेको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायात धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com